# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सृष्टिमा मानव विकासको सुरुवात सँगै शिक्षाको प्रसारण हुँदै आएको कुरालाई मध्यनजर गर्दा शिक्षाबाट मानवीय सदगुणहरुको विकास र विस्तारको फलस्वरुप आज मानव जातिको सम्बृद्धि र सम्मुनतिको उत्कर्षतिर अगाडि बढेको मान्न सकिन्छ । ज्ञान र सीपको उच्चतम प्रयोगले स्रोत र साधनको संरक्षण र सदुपयोगमा अत्याधिक विकास भएको छ । तसर्थ समाजलाई सुमार्गमा डोर्‍याउने एकमात्र माध्यम साधन शिक्षा नै हो । समाजको समग्र प्रगति शिक्षामा निर्भर रहेको हुन्छ । त्यसैले राष्ट्रका सम्पूर्ण व्यक्तिको व्यक्तित्व विकास र उन्नतिका लागि समान रुपमा शिक्षाको अवसर राष्ट्रले सबैलाई दिन सक्नु पर्छ । राष्ट्रको समग्र विकासका लागि शिक्षामा सबैको समान सहभागिता विना व्यक्ति र समुदायको उन्नति सम्भव छैन । धनी, गरिब, पुरुष, महिला, पिछडिएका आदिवासी जनजाति, दलित, अपाङ्ग इत्यादि सबैको शिक्षामा समान सहभागिता हुन जरुरी छ ।

नेपालमा प्राथमिक शिक्षाको थालनी अनौपचारिक रुपमा धेरै अघिदेखि भएको पाइन्छ । नेपालमा प्राथमिक शिक्षाको औपचारिक शुरुवात वि.सं. १९१० देखि भएतापनि यसको विस्तार वि.सं २००७ सालको राजनैतिक क्रान्तिपछि मात्र संभव भएको हो । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनापछि शिक्षाको विकास र विस्तारलाई महत्व दिंदै विभिन्न शिक्षा सम्बन्धी आयोग गठन गर्ने कार्य प्रारम्भ भयो । वि.सं. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना, २०४० सालमा शाही उच्च शिक्षा आयोग, २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग र २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरिएको पाइन्छ । यी सम्पूर्ण आयोगहरुले प्राथमिक शिक्षालाई साक्षरता तथा आधारभूत शिक्षाका रुपमा अंगीकार गरेका छन् (शर्मा,२०६५) ।

वि.सं. २०१३ सालदेखि नेपालमा योजनावद्ध विकासको सुरुआत भई दशौं पञ्चवर्षीय योजना (०५९-०६४) पनि समाप्त भइसकेको छ । यी प्रत्येक राष्ट्रिय योजनाले देशमा

शिक्षाको विकासलाई प्रथमिकता दिएको पाइन्छ । वि.सं. २००७ सालमा साक्षरता २ प्रतिशत रहेकोमा २०५८ सालमा आइपुग्दा यो प्रतिशत बढेर ५३.७ प्रतिशत पुग्नु र २००७ सालमा ३२१ प्रा.वि. मा ८५०५ विद्यार्थी अध्ययनरत रहेकोमा २०५८ सालमा २४९४३ प्रा.वि. र ३८५३६१८ विद्यार्थी अध्ययनरत हुनुले नेपालमा शिक्षाको विकास भएको देखिएता पनि अपेक्षा अनुरुप भएको पाइँदैन (बम,२०६२) ।

नेपालको विविध भौगोलिक, सामाजिक, साँस्कृतिक विविधता तथा सामाजिक परम्परामा विविधता पाउनु नै यहाँको विशेषता हो । नेपाल एकीकरणदेखि हालसम्मको परिवेशमा हेर्दा शिक्षाको उच्चतम सदुपयोग उच्च एवं मध्यम वर्गले मात्र गर्दै आएको कुरालाई नकार्न सकिन्न । महिला, जनजाति, दलित अपाङ्ग र गरिबहरु शिक्षामा पछि परेका छन् । विश्वका विकासोन्मुख देशहरुमा यस्तो परिस्थिति रहेकोले सबैका लागि शिक्षा (Education for All–1990) सम्बन्धी विश्व घोषणा पत्र जारी भएकोमा नेपालले पनि सबैको लागि शिक्षा सम्बन्धी १५ वर्षे कार्ययोजना बनाएको छ ।

Education for All (EFA) सन् २००४-२००९ को प्रमुख दस्तावेज शिक्षाको सन् २०१५ सम्मको लागि निर्माण गरिएको राष्ट्रिय योजना कार्ययोजनामा आधारित १०औं पञ्च वर्षिय रणनितिक कार्यक्रमले प्राथमिक शिक्षाको पहुँच तथा समानता सुनिश्चित गर्ने, प्राथमिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता वृद्धि गर्ने, कार्य क्षमता तथा संस्थागत क्षमताको सुधार गर्ने इत्यादि जस्ता उद्देश्य रहेको छ । राष्ट्रिय योजना आयोगको प्रतिवेदन-२०५५ ले भाषाका कारण विद्यालय पहुँच तथा पतनदरलाई न्युनीकरण गर्नका लागि गर्ने नीति अवलम्वन गरेको छ । विभिन्न दातृ संस्थाहरु, गैरसरकारी संघसंस्थाहरु तथा स्वयं नेपाल सरकारले पनि प्राथमिक शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्न, विद्यालय बीचैमा छाड्ने प्रवृत्तिको अन्त्य गर्न तथा अन्य तहहरुमा समेत छात्रछात्राहरुको सहभागीता वृद्धि गरी विद्यालयमा अध्ययनरत छात्रछात्राहरुको सहभागिता र उपलब्धी स्तर बढाउन भर मग्दुर प्रयास भैरहेका छन् । दलित र पिछडिएका समुदायको शिक्षा अभिवृद्धि गर्न एवं जीवनस्तर उकास्ने प्रयासहरु पनि जारीरहेको छ । राष्ट्रले यस्तो उपयोगी कार्यक्रम हुँदा समेत दलित बालबालिकाहरुले तह पुरा नगरी बीचैमा विद्यालय किन छोडिरहका छन् ? यसका कारणहरु के-के हुन सक्छन् ? समाधानका लागि के-के गर्न सकिएला? जस्ता प्रश्नहरुको उत्तर खोज्नु आजको आवश्यकता हो (EFA, 2004/2003) ।

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक र परम्परागत राष्ट्र भएकोले यहाँ हरेक जातिमा एकै प्रकारको शिक्षाको प्रसारण हुन सकेको छैन । त्यसमध्ये पनि दलित एवं पिछडिएका जातजातिहरुको शिक्षामा सहभागितामा कमी हुनु आर्थिक, सामाजिक, राजनैतिक तथा भौगोलिक कारणहरु छन् । अन्धविश्वास, चेतनाको कमी, गरिबी, छिटो विवाह गर्ने आदिलाई शिक्षा विकासको बाधकको रुपमा लिन सकिन्छ । विभिन्न योजनाहरुमा उपरर्युक्त समस्याहरु न्युनीकरण गर्ने लक्ष रहेतापनि पिछडिएका जातजाति विशेष गरेर दलित जातिहरुलाई शिक्षाको माध्यमबाट राष्ट्रिय मूलधारमा समाहित गर्ने कार्य पूरा हुन सकेको छैन ।

आजको युगमा शिक्षाको विकास भन्नाले खाली विद्यार्थी भर्ना हुनु, शिक्षकहरु उपस्थित हुनु मात्र नभई एउटा विशिष्ट उद्देश्य परिपूर्तिको लागि हुन्छ र शिक्षाबिना ती परिलक्षित उद्देश्यहरु पूरा हुन सम्भव छैन ।

सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा भएको ‘सबैका लागि शिक्षा’ ( Education for All) सम्बन्धी विश्व सम्मेलनको घोषणापत्रलाई सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चले समीक्षा गर्दै सन् २०१५ सालमा विश्वका सबै बालबालिकालाई प्रा.वि. स्तरको शिक्षा गुणस्तरीय, निःशुल्क र अनिवार्य रुपमा उपलब्ध गराउन प्रतिवद्धता जाहेर गरेको तथ्य सर्वविदित छ । सो घोषणाअनुसार सन् २०१५ सम्ममा ‘सबैका लागि शिक्षा’ हासिल गर्न क्रमशः बाल विकास कार्यक्रमको विस्तार तथा सुधार, सबै बालबालिकाहरुका लागि प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता, पिछडिएका जनजाति तथा अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरू लगायत सबै बालबालिकाहरुका सिकाइ, आवश्यकता पूर्ति गर्ने, प्रौढ निरक्षरता दरमा कमी ल्याउने, लैङगीक तथा सामाजिक भेदभावलाई हटाउने र गुणस्तरीय शिक्षाका सबै पक्षहरुमा सुधार ल्याउने ६ वटा मुख्य उद्देश्यहरु राखिएका र ती उद्देश्यहरु हासिल गर्न नेपालले पनि सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पूरा गर्ने गरी सो को राष्ट्रिय कार्य योजना (२००१-२०१५) बनाई यसअन्तर्गत सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) को रणनीतिक कार्यक्रम तयार गरेर आ.व. २०६१/०६२ देखि कार्यान्वयन गर्न शुरु गरिसकेको छ । अझै पनि प्राथमिक उमेर समूहका करिब १६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका र तिनीहरुलाई विद्यालयभित्र ल्याउनुपर्ने दायित्व आज हामी सबैको रहेको छ ( शिक्षा विभाग , २०६४) ।

हिन्दू वर्ण व्यवस्थाअनुसार चार जातमध्ये शुद्र जातिअन्तर्गतको वर्गलाई दलितवर्गको रुपमा लिइएको पाइन्छ । दलित वर्ग भन्नाले परम्परागतरुपमा व्यवसाय संचालन गरी जिवीकोपार्जन गरिरहेका आर्थिक, सामाजिक वा अन्य कुनै पनि प्रकारले उपेक्षित, उत्पीडित र दलित हुन पुगेका नेपाल सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका जातजाति वा वर्ग सम्भनुपर्दछ । हिन्दु संस्कृतिकरणको प्रभाव नपरेको वा उक्त प्रभावमा पर्न नचाहने तर नेपालको भूभागमा परापूर्वकालदेखि बसोबास गर्दै आइरहेका जातिहरु जस्तै जंगल फाँडेर खनिखोस्री खाने कोचे, कुसुण्डाजस्ता शिक्षा आदिमा पछि परेका र नजिकका परिवेशसँग प्रवाहित नभएका पछौटे जाति कुनै मानव समुदायलाई दलित भनिन्छ । त्यस्तै दलित आदिवासी जनजाति उत्थान प्रतिष्ठान कार्यदलको प्रतिवेदन २०५२ अनुसार आफ्नै मातृभाषा र परम्परागत रितिरिवाज भएको तर चार बर्णको हिन्दु वर्णाश्रम व्यवस्थाभित्र नपर्ने जातिका मानिस दलित जनजातिअन्तर्गत पर्दछन्  (दलित अवस्था विश्लेषण, २०६२) ।

एन्थोनी गिड्डनका अनुसार कार्यकारी अधिकारयुक्त र साँस्कृतिक तत्वहरुले असमानता सृजना गरेको हो भनेका छन् । कार्यका आधारमा आएको असमानताले दलित र वाहुनलाई छुट्याउछ । अधिकारको कुराले बलियो र निर्धोलाई छुट्याउँछ । राजनैतिक शक्तिको आधारमा असमानता ल्याउँछ । ठूलो वुद्धि भएकाले सानो वुद्धि भएकालाई हेपेर असमानता ल्याउछ भन्ने धारणा पाईन्छ ।

शिक्षाशास्त्रीहरुले उच्च वर्गीय लेखक वृद्धिजीवी वर्गले आफ्ना लेख रचनाद्वारा पृथक बनाईएको वर्गलाई आफ्नो अधीनमा रहनु पर्ने विचार लेखे । कालान्तरमा पिढीदरपिढीसम्म यही कुराले वैधानिकता पायो र वर्ग परम्परा तथा सँस्कृतिलाई बल मिलेको कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ । हाम्रा मनुस्मृति, वृहस्पतिस्मृति, शुक्रनीति र निर्णयसिन्धु लेख्ने धार्मिक नेताहरुले जातिवादको वाटो पक्का पारेको पाईन्छ । यसबाट उच्च वर्गमा उच्चताको भावना र निम्न वर्गमा हिनताको भावना विकास भएकोले यस्तो भेदभाव हटाउन हिन्दुत्व्को यस विचारलाई छलफलमा ल्याउनु पर्छ  । ब्राह्मण जस्तै हामी पनि ठूला भन्ने भेदको स्थिति ल्याउनु हुदैन भन्ने कुरा अध्ययनमा उल्लेख छ ।

बेलायती पाराको शिक्षाले दलितहरुलाई मद्दत नगरेकोले आलोचित पनि भयो । दलितहरुले चाहेको कुरा दिनु पर्छ र आदर्श विचारको वीजारोपण गर्न दिनु पर्छ । आधुनिक युगका नारी पुरुष सरह गुणहरुको विकास हुन दिनु पर्छ । उनीहरुलाई परम्परागत पेसाबाट छुट्याएर जाम्बियामा भए जस्तै परम्परागत मनोवृत्तिलाई हटाएर व्यक्तिगत रुपमा प्रतियोगितात्मक परम्परातिर ल्याउनु पर्छ । जस्तो पपुवान्यूगिनीमा गरिबीबाट उम्कन कोसिस गराईयो । तिनीहरुलाई अरु जातका मानिससँगै त्यस प्रकारको साहित्य पढ्न लगाउनु पर्छ जसबाट उनीहरु स्वयं जाति प्रथाबाट उम्कन सफल हुने छन् ।

नेपालका दमाई, कामी, सार्कीहरुको कुनै आफ्नै नीति, भाषा सँस्कृतिलाई वताईरहनु पर्ने केही छैन । यति हो कि आर्थिक रुपमा परावलम्वी, राजनैतिक रुपमा गणनामा नलिएका र साँस्कृतिक रुपमा पानी नचल्ने, छुन हुने वा नहुने कुरामा मात्र सिमीत छन् । एकपटक दलितलाई मौका दिएर हेरेको खण्डमा तान्जानियमा भए जस्तै यहाँ पनि दलितहरुमा आत्मा विश्वास जाग्ने छ । जस्तो कि फेरेले कुराकानी प्रविधि भनेका छन् । त्यो विधि दलितमा यहाँ पनि प्रयोग हुनु पर्दछ । दलितहरुका लागि प्रथमतः सन्देशमुलक विद्यालय खोलिनु पर्छ । जसमा दलितहरुले आफ्नो दलित्याईको अरु जातिका मानिसहरु सँग बसेर वहस गर्न सकुन् । चाहे भविश्यमा जस्तो सुकै परिणाम किन नहोस् दोश्रो कुरा सहयोगात्मक अनुसन्धानद्वारा उनीहरुले विद्यालयमा के परिवर्तन चाहेका छन् त्यो बुझ्नु पर्छ ।

दलितहरुका लागि राम्रो विद्यालय व्यवस्थापन Max-Weber को भनाई अनुसार कसरी व्यवस्थापन गर्नु भन्ने छ । त्यसको समाधान कृषि क्षेत्रमा छोटो समयका कक्षाहरु र अन्य क्षेत्रमा लामो समयका कक्षाहरु खोलिनु पर्दछ । जस अनुसार अनौपचारिक कक्षाहरु जस्तै चेलीबेटी शिक्षा कार्यक्रम जस्ता खोलिदिएर दलित बालबालिकाहरुलाई लाभ प्रदान गर्न सकिन्छ भन्ने विचार व्यक्त गरिएको छ । तर समस्या के भने दलित केटाकेटीहरु स्कुलमा भोकै जानु नपर्ने, खानाको कमी नपर्ने खालका हुनु आवश्यक छ । विद्यालयको समयको परिवर्तन मात्र एउटा बाटो भेटिएको छ । अर्को कुरा आर्थिक सहयोगको छ । कुनै दलित बाहेक अन्य दलितलाई आर्थिक सहयोगको खाँचो छ । यो खाँचो पूरा गर्न देउसी-भैलो प्रसंग उल्लेख छ । गा.वि.स. र धनी नागरिक समाजबाट पनि अपेक्षा गरिएको छ । विभिन्न उमेरका दलित बालबालिकाहरुका लागि वहुकक्षा शिक्षणको प्रयोग गर्न शिक्षकहरुलाई थप तालिम दिइनु पर्छ ।

पढाउँदा कसरी सिकाउन सकिन्छ भन्ने कुरा बढी ध्यान दिदै सिक्न नसकेका कुराहरु उनीहरुको अभिभावकलाई भन्नु हुँदैन । जसबाट दलितहरुको भनाईमा अर्न्तजातिय मित्रताद्वारा भेदभाव हटाउन सकियोस् । दलित छात्रछात्राहरुको उन्नति गराउन शिक्षकहरुको विद्यालय प्रतिको लापरवाही आलोच्य छ । तर मजदुरी गर्ने दलितहरु आफ्ना सन्तानलाई राम्रो शिक्षाको बारेमा सम्झाउन सक्दैनन् । त्यसैल हाट बजार जस्तो ठाउँमा यस प्रकारको प्रयोग गर्न सकिन्छ । तर यसरी अलग्गै कार्यक्रम गर्दा यसले राजनीतिक रुप लिएर समाजमा अस्तव्यस्त ल्याउन सक्छ । सिक्ने जालो निर्माण र आमूल परिवर्त गर्न मात्र सक्छ । जहाँ सङ्क्रमणकालीन अवस्थाको राज्य छ भने त्यहाँ मात्र विद्यालयमा आमूल परिवर्तन आउन सक्छ भन्ने कुरा वहाँले आफ्नो अध्ययन प्रतिवेदनमा उल्लेख गर्नु भएको छ ।

दलित, अपाङ्ग र सुविधा विमुख समूहका र खास गरी माध्यामिक शिक्षाको दृष्टिकोणवाट सुविधा विमुख र अपेक्षित समूहका महिलाका आवश्यकताहरुलाई ध्यान दिने खालका खास उपायवाट उच्च गुणस्तरीय अध्ययन गर्ने वातावरण पृष्ठपोषित हुनु पर्छ । यी नीतिगत उपायले देहयाका सरोकारहरुमा पनि दृष्टि पुऱ्याउनु जरुरी छ ।

पाठ्यक्रममा सम्मान नगरिएका साँस्कृतिक र सामाजिक मूल्यलाई आदर गरेका परम्परागत जीवन निर्वाहमुखी अर्थतन्त्रमा संलग्न जातिगत अल्पसंख्यक, आदिवासी जनसंख्या सँग पाठ्यक्रम सम्वद्ध नभएको ठानिएको छ ।

जातिय अल्पसंख्यक बालबालिकाहरुको शैक्षिक आवश्यकता सामायोजन गर्न शिक्षकहरु न्यून रुपमा साधन सम्पन्न छन् । सामाजिक रुपमा सुविधा विमुख विद्यार्थीहरुप्रति शिक्षकहरुले सकारात्मक र दयाभाव तथा सहानुभूतिको भाव प्रदर्शन नगर्ने गरेको देखिन्छ ।

धेरै जसो पिछडिएको समुदायको मुख्य भाषा नेपाली होइन । तसर्थ स-साना बालबालिकाका कक्षा कोठामा प्रवचन र अन्य क्रियाकलाप बुझ्न अभिभावकहरु अपरिचित भाषामा आफ्ना बालबालिकाको सिकाइमा सहयोग गर्न असमर्थ छन् । विद्यालय प्रवेश गर्नका लागि यो कुरा कम सान्दर्भिक होला किनभने ५ वर्ष भन्दा माथिका बालबालिकाकाहरुले नेपाली भाषामा आवश्यक भाषिक सीप हासिल गरेका हुन सक्छन् । तर उनीहरुका अभिभावकहरुले उनीहरुको शिक्षामा प्रत्यक्ष रुपमा सहयोग गर्न सक्ने अवस्था नहुन सक्छ ।

शिक्षा क्षेत्रमा दखा परेका विभिन्न समस्याहरु मध्ये सामुदायिक विद्यालयहरुबाट विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नु पनि एक हो । त्यसमध्ये पनि प्राथमिक विद्यालयमा अध्ययनरत दलित समुदायका बालबालिकाहरुले बीचैमा कक्षा छाडेर राज्यले शिक्षा क्षेत्रमा गरेको लगानी सही रुपले सदुपयोग नभईरहेको अवस्थालाई मध्यनजर गरी यस वारे अध्ययन अनुसन्धान गरी तार्किक निष्कर्षमा पुगी समस्या समाधानका उपायहरु खोजी गर्न मोरङ जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित केराबारी स्रोतकेन्द्र अन्तर्गत पर्ने सामुदायिक प्राथमिक विद्यालयहरुमा दलित विद्यार्थीहरुको उल्लेख्य संख्या रहेको अवस्थामा सोही क्षेत्रलाई आधार मानी यो शोध-पत्र अध्ययन पुरा गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षाको अभावमा मानिसको बौद्धिक ,मानसिक संवेगात्मक र समाजिक विकास हुन सक्दैन । साथै समाज र राष्ट्रको पनि विकास हुन सक्दैन । तसर्थ समुदायका सबै पक्ष, वर्ग र उमेरका मानिसलाई शिक्षाको आवश्यकता पर्दछ । शिक्षाको थालनी प्राथमिक शिक्षाबाट हुने भएकोले यस तहको शिक्षाको विकासमा सबै पक्षको ध्यान जानु आवश्यक पर्दछ । सबै वर्ग, लिङ्ग र जातिका बालबालिकाहरुलाई शिक्षामा सहजरुपमा सहभागी हुने वातावरणको सिर्जना गर्नुपर्दछ । बालबालिकाहरुलाई कसरी सर्वसुलभ ढंगले शिक्षा प्रदान गर्न सकिन्छ भन्ने सम्बन्धमा विश्वभर विभिन्न सभा, सम्मेलन, गोष्ठी, बैठक, छलफल तथा अनुसन्धानहरु भएका छन् तर पनि विश्वका धेरै बालबालिकाहरु शिक्षाबाट वञ्चित छन् । नेपालमा पनि ४६.३ प्रतिशत जनता शिक्षाको उज्यालोबाट वञ्चित रहेका छन् भने प्राथमिक उमेरका ८६.८ प्रतिशत बालबालिकामात्र विद्यालय भर्ना हुने गरेका छन् । अझैपनि नेपालका १३.२ प्रतिशत बालबालिका दलित, जनजाति तथा पिछडिएका समुदायका बालबालिकाहरुनै पर्ने गर्दछन् । जुन कुरा दलितहरुको साक्षरता प्रतिशत १८.८ रहनुले पुष्टि गर्दछ ।

शोध कार्यले मुख्य समस्या पत्ता लगाउनु हो । यो शोध कार्य प्राथमिक विद्यालयमा अध्ययन गर्ने दलित बालबालिकाहरुले बीचैमा विद्यालय छाड्नुको कारण शीर्षकमा केन्द्रीत रहेको हुँदा यो शोध कार्यले उक्त विषय सँग सम्बन्धित रही त्यो क्षेत्रमा Dropout बढी भएको समस्या रही आएको छ । यो समाज तथा राष्ट्रको समस्या हो किनभने राज्यले शिक्षा क्षेत्रमा गरेको लगानीको सही रुपले एवं समान रुपले सबैले उपयोग गर्नुपर्नेमा सो हुन सकिरहेको छैन । समग्रमा नेपाल अधिराज्यकै समस्यालाई मध्यनजर गरी मोरङ जिल्लाको केराबारी स्रातकेन्द्र गा.वि.स.को सामुदायिक प्राथमिक तहका दलित विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुका कारणहरु : एक अध्ययनमा केन्द्रित रहेर यो शोत्रपत्र तयार गरिएको छ । यस क्षेत्रमा हाल

देखिएका प्रमुख समस्याहरु दलित विद्यार्थीका बारेमा पर्याप्त अध्ययन अनुसन्धान नहुनु, दलित विद्यार्थीका अभिभावकहरुको शिक्षा प्रतिको धारणा प्रकाशित नहुनु, दलित विद्यार्थीहरु शिक्षाको अवसरबाट वञ्चित हुनु पर्ने कारणहरुको खोजी नहनु, दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नु पर्ने कारणहरुबारे यथेष्ट अध्ययन अनुसन्धानहरु नहुनु आदि छन् ।

दलित वा पिछडिएका उत्पीडित तथा शैक्षिक अवसरको उपयोग गर्न नसकेका बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित हुन आवश्यक छ । जसका लागि दलित जातिको शैक्षिक अवस्था, शैक्षिक क्षेत्रमा पछि पर्ने कारणहरु, विद्यालयमा सहभागिता कम हुनुका कारणहरु, शैक्षिक अवसर पाएर पनि निरन्तरता दिन नसक्ने अवस्थाहरु, अभिभावकको शिक्षाप्रतिको धारणा, विद्यालयमा सहभागिता बढाउने उपायहरु आदिबारे जानकारी प्राप्त गर्न पर्याप्त अध्ययन अनुसन्धान हुनु आवश्यक पर्दछ । यी कुरा थाहा पाउन सकेमात्र सोही अनुसारका नीति नियम तथा कार्यक्रम बनाएर कार्यान्वयन गरी दलित बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याई शिक्षाको उद्देश्य पूरा गर्न सकिने भएकोले " दलित विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुका कारणहरु" शीर्षकलाई समस्याको रुपमा यहाँ उठाइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा देश विकासको मेरुदण्ड हो । शिक्षाको विकास बिना अन्य पक्षहरुको विकास सम्भव हुँदैन । शिक्षाको समुचित विकासका लागि सर्वसुलभ, समान पहुँच, गुणस्तरीय र जीवनोपयोगी शिक्षा आजको प्रमुख चुनौति र आवश्यकता बन्न गएको छ । वर्तमान विश्व परिवेश शिक्षा एक आधारभूत मानवअधिकारको विषय बनेको छ । कुनै पनि व्यक्ति कम लगानीमा आफ्ना सन्ततिलाई गुणस्तरीय शिक्षा दिलाउन चाहन्छ भने राज्यले पनि कम लगानीमा उच्च शैक्षिक उलब्धि हासिल गर्न चाहन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने शिक्षाका लागि प्रशस्त प्रयास मात्रै होइन प्रशस्त मात्रामा लगानी पनि भैरहेको छ । यस्ता प्रयासको बाबजुद पनि लगानीको आधारमा/अनुपातमा शैक्षिक उपलब्धि हासिल भैरहेको पाइँदैन । कुनैपनि विद्यालय यथास्थितिमा बसेमा त्यसमा गुणात्मक तथा परिणात्मक परिवर्तन हुन असम्भव हुन्छ । विकासको लागि विद्यमान कार्यशैली, आचरण/व्यवहार आदिमा परिवर्तन ल्याउन जरुरी हुन्छ । विद्यालयको विकास एकै तरिका वा सूत्रपात मात्र

हुन्छ भन्न सकिँदैन । यसका लागि स्थान विशेष, अवस्था विशेष, निश्चित ढाँचामा रहेर क्रियाकलाप सञ्चालन गरी योजनावद्ध ढंगले काम गर्नु उचित हुन्छ ।

नेपालमा हाल करीब ३२ प्रतिशत बालबालिकाहरु अझै औपचारिक शिक्षाबाट वञ्चित छन् वा ती विद्यार्थीहरुले विद्यालय जान पाएका छैनन् । भर्ना भएका मध्येवाट पनि करिब ४१ प्रतशितले विद्यालय बीचैमा छाड्ने गरेको पाईन्छ (थापा, २००१) ।

यो शोधपत्रको प्रमुख लक्ष्य त्यस्ता विद्यालय भर्ना हुन नसकेका र भर्ना भएर पनि बीचैमा विद्यालय छाड्न विवश भएका असाहाय दलित बालबालिकाहरुलाई अधिकतम रुपमा कसरी शिक्षामा सहभागी गराउन सकिन्छ भन्ने प्रयासका भएको छ वा कस्ता उपायहरु अपनाएमा कक्षा पतनदर न्युन गर्न सकिन्छ ? यस शोत्रपत्रको लक्ष्य यस समस्याको खोजी गर्ने राखिएको छ । नेपालको शिक्षाको राष्ट्रिय उद्देश्यमा समाजमा पछि परेको व्यक्तिहरुलाई शिक्षाको मूल धारमा समाहित गर्ने पनि छ । त्यो उद्देश्य पूरा गर्न मोरङ जिल्लाको केराबारी स्रोतकेन्द्रमा गरिएको यो शोधले त्यो लक्ष्य पुरा गर्न केही टेवा पुऱ्याउने विश्वास गरिएको छ ।

केराबारी स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरुमा विद्यालय जाने र नजाने बालबालिकाको सङ्ख्यात्मक स्थिति, नेपाल सरकार एवं अन्य संघ संस्थाले दलित बालबालिकाका लागि सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरु र यसमा गरेको लगानीको प्रभाव, दलित बालबालिकाहरुको विद्यालय सहभागितामा वृद्धि तथा विद्यालय छाड्ने दरलाई न्युन गर्न राष्ट्रिय तथा जिल्ला स्तरमा योजना निर्माण गर्न एवं यस शोध-पत्रको आधारमा अन्य ठाउँका दलित बालबालिकाहरुको शैक्षिक स्थिति अध्ययन गर्न समेत सजिलो हुनेछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

१. प्राथमिक तहका दलित विद्यार्थीहरुको विद्यालय भर्नाको स्थिति र सहभागिता पत्ता लगाउने ।

२. बीचैमा कक्षा छाड्ने दलित विद्यार्थीहरुको अवस्था विश्लेषण गर्ने ।

३. दलित विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुका कारणहरु पत्ता लगाउने ।

४. दलित विद्यार्थीहरुले बिचैमा कक्षा छाड्ने समस्या सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

क) दलित, अपाङ्ग, असहाय बालबालिकाहरु किन शिक्षामा कम सहभागी भएका छन् ?

ख) विशेष गरी दलितहरुले किन शैक्षिक सहभागिता बढाउन सकिरहेका छैनन् ?

ग) यसमा अभिभावक, विद्यार्थी, शिक्षक, बुद्धिजीवी तथा सरोकारवालाहरुको धारणाा के रहेको छ ?

घ) यस गा.वि.स.का दलित परिवारका छोराछोरीहरुको विद्यालय जाने दर कस्तो छ ?

ङ) भर्ना भएको दलित बालबालिका मध्ये बीचैमा विद्यालय छाड्नुको कारणहरु के-के छन् ?

च) यस समस्याको समाधान गर्न सम्बन्धित पक्षलाई कस्ता सुझावहरु दिन् हुन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस शोध अध्ययन क्षेत्र मोरङ जिल्लाको उत्तरी खण्डमा अवस्थित गा.वि.स. केराबारी मा रहेको स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्राथमिक तहमा अध्ययनरत सम्पूर्ण छात्रछात्रा र त्यस मध्ये पनि विशेष गरी दलित छात्रछात्रा रहेका छन् । प्राथमिक तहमा अध्ययनरत दलित बालबालिकाहरुका अभिभावक तथा उनीहरुको शिक्षाका लागि प्रयत्नरत र सहयोग गर्ने प्र.अ., शिक्षक, वि.व्य.स., स्रोत केन्द्र , जि.शि.का. मोरङ तथा अन्य संघ संस्थाहरुलाई समेत समेटिने गरी उनीहरुसँग प्रश्नावली, अन्तरवार्ता, प्रतिवेदन, सङ्कलित तथ्याङ्क अभिलेख आदिद्वारा यस शोध-पत्रलाई पूर्णता दिइएको छ । यो अध्ययनले केराबारी स्रोतकेन्द्र अन्तर्गतका विद्यालयको सेवाक्षेत्र भित्र बसोबास गर्ने विशेष गरी दमाई, कामी र सार्की जातिका प्राथमिक विद्यालयमा अध्ययन गरी बीचैमा विद्यालय छाडेका बालबालिकाको मात्र अध्ययन गरेको छ । साथै यो अध्ययन सामुदायिक प्राथमिक विद्यालयका दलित बालबालिकाहरुसँग मात्र सम्बन्धित छ । यो अध्ययनले दलित बालबालिकाका अभिभावकलाई मात्र समेटेको छ ।

## १.७ अध्ययनमा प्रयोग गरिएका शब्दको परिभाषा

यस शोधपत्रमा प्रयोग गरिएको दलित शब्दको अर्थ तथा परिभाषाहरु यस शीर्षक अन्तर्गत प्रस्तुत गरिनेछ । जस्तै दलित "Dalit" लाई यसरी परिभाषित गरिएको छ ।

"Dalits are the Obey Caste (अज्ञापालक जाति) People of the Varnashram system."

These "obey caste" Sudras were socially divided into touchable and untouchables. The collective name of these socially untouchable groups of people is Dalit (Koirala , 1998).

हिन्दु शिक्षाअनुसार शुद्र वर्णमा वर्गीकरण गरिएको एउटा समूहभित्र दलित जाति पर्दछन् । हिन्दु दन्त्य कथा अनुसार दलित ईश्वरको पाउमा जन्मेको व्यक्ति दास (गुलाम) अथवा दस्यू (लुटेरा) अथवा द्रवीडहरु (प्रश्रित १९९१) । एउटा कालो व्यक्ति अथजा अनार्य वंशका पिछडिएका व्यक्तिहरु नै शुद्र वर्णसँग सम्बन्धित छन्  (बराल, १९९३) ।

# परिच्छेद - दुई

# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोध पत्रमा पूर्व साहित्यको समीक्षा गर्ने सन्दर्भमा यसलाई दुईवटा खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डमा अध्ययनको वैचारिक खाका प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा उपलब्ध विभिन्न अध्ययन, अनुसन्धान, लेख तथा रचनाको लेखाजोखा गरिएको छ।

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनमा उल्लेख गरिएको शीर्षकलाई पुष्टि गर्न सैद्धान्तिक अवधारणाको रुपमा समाजशास्त्री Karl Marx को Class Struggle एवं Max Weber को Social Stratification Theroy (1945) लाई समेटेर दलित विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुका कारणहरु एक सामाजिक समस्या भएकोले यस अध्ययनसँग सन्दर्भ जोडी यस समाज शास्त्रीय सिद्धान्तलाई सन्दर्भ साहित्यको रुपमा यहाँ प्रस्तुत गरिएको छ । Karl Marx (1818-1883) लाई सामाजिक सिद्धान्तका महान दार्शनिक तथा समाजशास्त्रीका रुपमा लिइन्छ। उनका विचारमा सामाजिक असन्तुलनको प्रमुख कारण नै आर्थिक पक्ष हो। वस्तुको उत्पादन र वितरणमा रहेको असमानताले विभेदीकरणलाई उच्च स्थानमा पुऱ्याउँदछ । उनका विचारमा वर्ग संघर्ष (Class struggle) ले नै समाजका सम्पूर्ण पक्षहरुमा तथा समान सामाजिक व्यवस्थाको स्वरुपमा परिवर्तन ल्याउने प्रमुख आधार हो। वर्ग संघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरु रहेका हुन्छन्। समाजमा परस्पर विरोधी वर्गहरुका विचमा आ-आफ्ना स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ। यस अन्तर्गत शाशक र शोषित वर्गहरु बीच उत्पादनका साधन र उत्पादित वस्तुको असमान वितरण र स्वामित्वको सम्बन्धमा देखा पर्ने असमान तथा वर्गीय सामाजिक संरचनाका आधारमा सामाजिक द्वन्द्व स्थापित हुने गर्दछ भन्ने सैद्धान्तिक अवधारणा रहेको छ (रावल, २०६३ बाट उद्धृत ) । Marx को यस सिद्धान्तले समाजमा तल्लो वर्ग दलित अर्थात पिछडिएका जातिहरुलाई माथिल्लो वर्ग अर्थात उपल्ला जातिहरुले प्रभुत्व जमाई सामाजिक अवसरबाट वञ्चित गर्ने र सोको परिणाम स्वरुप उनीहरु आर्थिक रुपले कमजोर भई

विद्यालय शिक्षा जस्तो आधारभूत आवश्यकतामा समेत भेदभावपूर्ण व्यवहार रहेकोले यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा उपरोक्त सिद्धान्त लिईएको छ ।

Max Weber (1864-1920) महान समाजशास्त्रीहरु मध्ये एक हुन् । उनले सामाजिक स्तरीकरणमा आर्थिक निर्णयवादलाई अस्वीकार गर्छन र वर्ग विरोधलाई मान्यता दिन्छन् । उनको भनाईमा “वर्ग शब्दले समान परिस्थितिमा रहने कुनै पनि समूहको संकेत गर्दछ ।” आर्थिक पक्ष सामाजिक व्यवस्थाको स्तरीकरणको एउटा कारण मात्र हो । उनका अनुसार समाजिक व्यवस्थाका तीन पक्षरु हुन्छ : आर्थिक पक्ष, सामाजिक पक्ष र वैधानिक पक्ष । आर्थिक पक्षमा वस्तु तथा सेवाको मात्राको आधारमा समाजका सदस्यहरुको स्तरीकरण हुन्छ । सामाजिक व्यवस्थामा प्रतिष्ठा वा सामाजिक सम्मानको आधारमा स्तरीकरण हुन्छ भने वैधानिक व्यवस्थामा सत्ताको आधारमा स्तरीकरण हुन्छ । सामाजिक जीवनमा यी तीनै पक्षले एक अर्कालाई प्रभावित गर्दछ । उनको बिचारमा स्तरीकरणको समस्यालाई बिचार गर्दा यी तीनै पक्षलाई ध्यानमा राख्नु आवश्यक छ । साथै Weber का अनुसार स्तरीकरणका तीन प्रमुख विशेषताहरुमा मानिसले जीवनका विभिन्न अवसरहरु प्राप्त गर्न चाहान्छ । जस्तै विशिष्ट तत्वको लागि सामान्य रुपबाट प्राप्त गर्दछ, यो तत्व आम्दानीका लागि वस्तु र अवसरको प्राप्तीमा विशुद्ध आर्थिक हितको प्रतिनिधित्व गर्दछ, यो तत्व वस्तु वा श्रम बजारको व्यवस्थाको प्रतिनिधित्व गर्दछ आदि प्रमुख छन् ।

Weber का बिचारमा विभिन्न वर्गको निर्धारण भौतिक सम्पत्तिको वितरणको आधारमा हुन्छ । भौतिक सम्पत्तिको अर्थ वस्तु र आयको अवसरको वितरणसँग छ, जुन मानिससँग सम्पत्ति हुन्छ उनीहरु अधिक वस्तु प्राप्त गर्न सक्दछन् । आर्थिक सेवा प्राप्त गरी उत्पादनका साधनहरुलाई आफ्नो नियन्त्रणमा राख्दछन् । यो वर्ग सम्पतिको स्वामित्वको वर्ग हो । सम्पत्तिहीन वर्गसँग सेवा र श्रम मात्र हुन्छ जसबाट जीवित रहन योग्य वस्तु प्राप्त गर्दछन् । यसप्रकार समाजमा दुई वर्ग हुन्छन् : सम्पत्तिवान तथा सम्पतिहीन, जसको स्थिति आर्थिक सम्पतिबाट निर्धारण हुन्छ । उक्त वर्ग अन्तर्गत धेरै उप-वर्ग हुन सक्दछन् । उनका अनुसार जोसँग सम्पति हुन्छ उनीहरु सम्पतिका प्रकारका आधारमा फरक-फरक उप-वर्गमा विभाजन गर्न सकिन्छ । जस्तैः मिल मालिक, व्यवसायी आदि अर्कोतर्फ सेवाको प्रकारको आधारमा पनि धेरै उप-वर्ग हुन सक्छन् । जस्तैः शिक्षक, ड्राइभर, घरेलु नोकर आदि ।

यसरी Weber ले स्पष्ट पारेका छन् कि आर्थिक व्यवस्था तथा राजनैतिक व्यवस्था दुवै वैधानिक व्यवस्थासँग सम्बन्धित हुन्छन् । राजनैतिक क्षेत्रमा व्यक्तिको शक्ति उसको आर्थिक तथा सामाजिक स्थितिले प्रभावित हुन्छ । कुनै अर्को अवस्थामा आर्थिक तथा सामाजिक शक्तिले राजनैतिक स्थितिलाई प्रभावित गर्दछ । यसप्रकार आर्थिक, राजनैतिक तथा सामाजिक शक्ति एक आपसमा सम्बन्धित हुन्छन् र व्यक्तिको सामाजिक स्तरीकरणमा माथिल्लो वा तल्लो स्थान प्रदान गर्नमा यी तीनवटै पक्षको महत्वपूर्ण योगदान रहेको हुन्छ (रावल , २०६३ मा उद्धृत) । यी सबै स्थितिको निर्धारक तत्वहरु पनि छन् । यी सबै कारण अधिकतम आर्थिक शक्तिद्वारा प्रभावित हुन्छ यसकारण आर्थिक शक्ति सामाजिक स्थितिलाई निश्चित गर्न महत्वपूर्ण छ तर पनि यो आवश्यक छैन । उच्चतम आर्थिक स्थिति भएको व्यक्तिले सामाजिक सम्मान प्राप्त गर्न सक्छ । आर्थिक दृष्टिले कमजोर व्यक्ति पनि अन्य योग्यताका कारण उच्च सामाजिक प्रतिष्ठा प्राप्त गर्न सक्छन ।

यसर्थ दलित विद्यार्थीहरुलाई आर्थिक, सामाजिक तथा राजनैतिक अवसरमा समान सहभागी गराउन बिचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई निरुत्साहित गरी शैक्षिक क्षेत्रमा अत्याधिक सहभागी गराई दलित समुदायको शैक्षिक क्षतिलाई कम गर्न सकिन्छ ।

माथिका दुवै सिद्धान्तहरुलाई सामाजिक व्यवस्थाको विश्लेषणका लागि सहायक सिद्धान्तको रुपमा लिन सकिन्छ । यिनको आधारमा दलितहरुको सामाजिक, आर्थिक एवं शैक्षिक अवस्थाको विश्लेषण गरी विद्यमान समस्याहरुको निराकरणका उपायहरु सुझाउन सकिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कोइराला (१९९६) को Schooling and the Dalits of Nepal: A case study of Bungkot Dalit Community नामक शोधमा नेपालको जातिवाद विषयको अध्ययनको क्रममा केही महत्वपूर्ण कुरामा प्रकाश पारिएको छ । यो घट्ना अध्ययनलाई International/Intercultural Education Department of Education Policy Studies, Edmonton, Alberta, Canada मा पेश गरिएको थियो । यो शोध सोझै दलितमाथि केन्द्रित गरिएको हुनाले यस अध्ययनमा इतिहासकालदेखि दलित भनिनेहरु हिन्दु धर्म ग्रन्थहरुमा शुद्र भनिएको छ । उनीहरुलाई ज्ञानको कुरा सुन्न नपाईने भन्ने तत्कालिन आम मान्यता ग्रन्थहरुमा आधारित थियो । त्यसैले शुद्रहरु शिक्षित हुन नसकी आर्थिक दृष्टिले समेत निरपेक्ष गरिबीको रेखामुनि रहेकोले तिनीहरुको पहुँच

हरेक क्षेत्रमा नभएको हो भन्ने कुरा उल्लेख गरिएको छ । वहाँले आफ्नो शोधमा विभिन्न चिन्तनहरु समावेश गरिएको पाइयो ।

राज्यद्वारा दुई प्रकारका विद्यालय सञ्चालन गर्नाले परम्परागत र आधुनिक सोचको खिचडी प्रदर्शन भएको पाइन्छ । दलितहरुका लागि विद्यालयका विकास वा फैलावटलाई मात्रात्माक रुपमा मात्र वृद्धि गरेको पाईन्छ । विद्यालयको पढाइ भनेको विद्यार्थीहरुले विद्यालय भित्र विताउने समयलाई लिएको पाईन्छ । त्यसैले आर्थिक, मनोवैज्ञानिक तथा सामाजिक परिवर्तनहरु विद्यालयमा प्राप्त शिक्षाबाट आएको भन्न सकिने स्थिति छैन ।

वहाले प्रस्तुत गर्नु भएको शोध यस अध्ययनका लागि साहित्य पुनरावलोकन सान्दर्भीक भएकोले यो समावेश गरिएको छ । वास्तवमा दलित विद्यार्थीहरुले बिचमै कक्षा छाड्नुको कारण पनि त्यहि परम्परागत सामाजिक मान्यताले केही मात्रामा सहयोग पुऱ्याएको हुनु पर्छ ।

मोरङ्गमा दलितको अवस्था, सर्वेक्षण प्रतिवेदन (२०६२) मा उल्लेख भए अनुसार राष्ट्रिय दलित आयोग (२०५८ चैत्र) मा सूचीकृत दलित जातीहरुमा पाहाडी मुलका दलित जातिमा गन्धर्व (गाईने) ,परियार (दमाई), बादी, सार्की र विश्वकर्मा (कामी) रहेका छन् भने मधेसी मुलका दलितमा कलर, ककहिया, कोरी, खटीक, चमार, खत्वे (खंग मण्डल), चिडीमार, डोम, तत्मा, दुसाध (पासवान), धोबी (रजक), पत्थर कट्टा, पासी, वाँतर, मुसहर, मेस्तर (हलखोर) र सरभंग (सरबरीया) पर्दछन् ।

प्रस्तुत सर्वेक्षण प्रतिवेदनबाट दलित जातिहरुको वर्गिकरण स्पष्ट पहिचान भएकोले दलित जातिहरुको बारेमा अध्ययन गर्न सजिलो मार्ग निर्देश भएको छ ।

शिक्षा नियमावली २०५९ को तेस्रो संशोधन २०६२ का अनुसार यसको परिच्छेद २६ मा दलित तथा जनजातिहरुलाई छात्रवृत्ति र निशुल्क शिक्षा सम्बन्धी व्यवस्था गरे अनुसार विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्धितीय हुनु विद्यार्थीहरुलाई क्रमशः शतप्रतिशत र ५० प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ, संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तीमा पाँच प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ, उपनियम (२) बमोजिम छात्रवृत्ति गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिका लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशित गर्नु पर्नेछ जस्ता प्रावधानहरु राखिएको छ । यसैगरी सोही परिच्छेदको उपनियम १५२ मा विद्यालयमा दलित विद्यार्थीहरुको बीचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई (Dalit Dropout) लाई

निरुत्साहित गर्न सामुदायिक विद्यालयले गरिबीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु  पर्ने र उपनियम (१) बमोजिम निःशुल्क शिक्षा उपलब्ध प्रयोजनको लागि विद्यालयले त्यस्तो निःशुल्क शिक्षाको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ ।
शिक्षा नियमावलीले स्पष्ट सँगले दलित विद्यार्थीहरुको बिचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई निरुत्साहित गरेकोले यस अध्ययनको लागि साहित्यको पुनरावलोकनमा राखिएको छ ।

दशौं योजना (२०५९/२०६४) मा उल्लेख भए अनुसार शिक्षा क्षेत्रको दीर्घकालीन अवधारणा अनुसार शिक्षाका उद्देश्यहरुलाई स्पष्ट रुपमा किटान गरे अनुरुप दलित जनजाति उत्पीडितहरुलाई शिक्षामा समाहित गराउन साक्षरता, साक्षरोत्तर आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरी विशेषतः पिछडिएको समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने, देश विकासको आवश्यकता अनुरुप गुणस्तरयुक्त शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने र सबैको लागि शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने योजना तर्जुमा गरिएको पाइन्छ ।

माथि उल्लेखित उद्देश्यहरु बाहेक दशौं योजनाले दलित तथा पिछडिएका जनजाति महिलाहरुलाई शिक्षामा निरन्तरता दिन तहगत समष्टिगत मुख्य-मुख्य परिणात्मक लक्ष्यहरुमा अनौपचारिक शिक्षा अन्तर्गत योजनाले निर्धारण गरेको साक्षरता प्रतिशतको लक्ष हासिल गर्न १२ लाख ६६ हजार निरक्षर प्रौढहरु विशेषतः महिला दलित, पिछडिएका जनजातिहरुलाई साक्षर बनाउने त्यसै गरी अनौपचारिक प्राथमिक शिक्षा तर्फ २ लाख बालबालिकाहरुलाई आधारभूत प्राथमिक शिक्षा प्रदान गर्ने, प्राथमिक शिक्षा अन्तर्गतप्राथमिक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने महिला शिक्षिकाहरुको अनुपात ३० प्रतिशत पुऱ्याउने प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने महिला र पिछडिएका वर्ग दलित, पिछडिएका जनजाति अपाङ्ग तथा आर्थिक दृष्टिकोणले पिछडिएका बालबालिकालाई छात्रवृत्ति दिने र माध्यमिक शिक्षाः कूल भर्ना प्रतिशत निम्न माध्यमिक तहमा ६५ प्रतिशत र मा.वि. तहमा ४५ प्रतिशत पुऱ्याउने जसका लागि ५० हजार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान पर्दा छात्रा, पिछडिएको जनजाति र दलितले प्राथमिकता पाउने व्यवस्था छ ।

यसरी दशौं योजनाले तय गरेको दलित तथा पिछडिएका जनजाति महिलाहरुलाई बीचैमा नै कक्षा छाड्ने (Dropout) प्रवृत्तिलाई न्यूनीकरण (Reduction) गरी शिक्षामा निरन्तरता दिन तहगत समष्टिगत मुख्य-मुख्य परिणात्मक लक्षहरुलाई पुरा गर्न नेपाल सरकारले सबैका लागि शिक्षा (EFA) अन्तर्गत थप प्रोत्साहनात्मक कार्यक्रम अन्तर्गत ५० प्रतिशत सम्पूर्ण प्रा.वि. छात्रा छात्रवृत्ति कार्यक्रम अनुसार विद्यालयमा अध्ययनरत छात्राहरु जसमध्ये दलित तथा जनजातिहरुलाई प्रति वर्ष रु. २५० रुपियाका दरले छात्रावृत्ति उपलब्ध गराउने र सम्पूर्ण दलित छात्रवृत्ति अनुसार विद्यालयमा अध्ययनरत छात्र छात्रा मध्ये दलित समुदायका बालबालिकाहरुलाई प्रा.वि. तहमा प्रति विद्यार्थीलाई रु. २५० प्रतिवर्षका तथा मा.वि./नि.मा.वि. तहमा रु. ५०० प्रति विद्यार्थी प्रति वर्षका दरले छात्रवृत्ति उपलब्ध गराउदै आएको पाइन्छ ।

यसरी पछिल्लो पञ्च वर्षिय योजनामा समेत दलित विद्यार्थीहरुका लागि विशेष स्थान दिईएकोले यस अध्ययनको लागि यसको पुनरावलोकन गरी सन्दर्भिकता उल्लेख गरिएको छ ।

थापा (२००१) ले "Learning Strategy for out of School Children from Dalit Community" शीर्षकको शोध अध्ययन गरे अनुसार प्रजातन्त्रको प्रादुर्भावपछि पनि नेपालको प्रशासनिक संयन्त्रमा अझैपनि ब्राह्मण र क्षेत्रीहरुको वर्चस्व रही आएको छ । उच्च जातिहरुले शक्तिकेन्द्रमा आफ्नो पूर्ण वर्चस्व राखेको छ र शिक्षाक्षेत्रमा राम्रो शक्ति र लगानी हुँदाहुँदैपनि ३२ प्रतिशत केटाकेटीहरु अझैपनि विद्यालय बाहिर रहेको छन् । विद्यालयमा भर्ना भएकापनि ४१ प्रतिशत बीचैमा विद्यालय छाड्ने गरेका छन् । विद्यालय छोड्नाका केही कारणहरुमध्ये घरेलु कामको बोझ, दैनिक गरिने काम एवं शिक्षाबीच सामञ्जस्यता नहुनु, गरिबी, जातिय, भेदभाव, शिक्षकहरुको कक्षामा अनुपस्थिति आदि रहेका छन् ।

प्रस्तुत शोधपत्रमा बीचैमा विद्यालय छाड्ने कारणहरु उल्लेख भएकोले यस अध्ययनका लागि थप सान्दर्भिक पुनरावलोकनको रुपमा प्रस्तुत गरिएको छ ।

शाह (२०५७) ले माध्यमिक तह (कक्षा ९ र १०) का विद्यार्थीहरुले कक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरुमध्ये अशिक्षा, घरायसी कामकाज, रुढीवादी धारणा, छिटो विवाह जस्ता कारक तत्वहरुलाई मुख्य रुपमा लिइएको छ । शोधकर्ताका अनुसार शिक्षा नीति एवं शिक्षण पेशालाई आकर्षित र मर्यादित बनाउन नसक्नु, विद्यालय अनुगमन प्रणाली

प्रभावकारी नहुनु, माध्यमिक तहको पाठ्यक्रम व्यवसायमूलक नहुनु र जीवन सान्दर्भिक नहुनुजस्ता कुराहरु नै विद्यालय बीचैमा छाड्ने मूल कारक तत्वहरु हुन् भनी उल्लेख गरेको पाइन्छ (रावल २०६३ मा उद्धृत) । समग्रमा विद्यार्थीले कक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरु उल्लेख भएकोले साहित्यको पुनरावलोकनको रुपमा सान्दर्भीक स्रोत मानिएको छ ।

खनाल (२०६२) ले नेपालमा सबैका लागि शिक्षा सुलभ हुन नसकेका कारण न्यून साक्षरता रहेको र शिक्षामा हुने सरकारी लगानीको प्रतिफल सबै वर्गमा समान ढंगबाट पुग्न नसकेको कुरा उल्लेख छ । साथै शैक्षिक विकेन्द्रीकरणको प्रमुख उद्देश्य सेवाग्राहीको पहुँचमा वृद्धि गराउनु हो । विद्यालय नगएका लक्षित समूह जसभित्र दलित र जनजातिका बालबालिकाहरु समेत पर्दछन् तिनीहरुमा न्यायोचित र यथेष्ट शैक्षिक सेवा पुऱ्याउनु शैक्षिक विकेन्द्रीकरणको उद्देश्य हो भन्ने विचार उल्लेख गरेका छन् । त्यसैले यस अध्ययनमा यसलाई समावेश गरिएको छ ।

रावल (२०६३) द्वारा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुर्खेत क्याम्पस, वीरेन्द्रनगर, सुर्खेतबाट स्नातकोत्तर तहका लागि गरिएको "सामुदायिक विद्यालयहरुमा प्राथमिक तह अध्ययन गर्ने दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरुः "एक अध्ययन" मा मुख्य प्राप्ति यस प्रकार रहेका छन :
दलित बालबालिकाको विद्यालय सहभागिता सन्तोषजनक नरहेको, बढी उमेरका बालबालिकाकाको विद्यालयमा नियमितताको कमी रहेको, विद्यालय पतनदर उच्च रहेको, बालबालिकाहरुलाई घरको काममा संलग्न हुनु परेको र शिक्षाप्रति बालबालिका एवं अभिभावक उदासिन रहेको ईत्यादी । उक्त समस्याहरुका प्रमुख कारकतत्वहरुमा गरिबी, अशिक्षा र बेरोजगारी रहेको छन् ।
प्रस्तुत शोधपत्रको पुनरावलोकनबाट यस शोधपत्रका लागि अति उपयोगी सूचनाहरु प्राप्त भएकोले यसलाई समावेश गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्न त्यस विषयबारे सैद्धान्तिक धारणा स्पष्ट हुन जरुरी छ । त्यसैले दलित बालबालिकाहरुको सैद्धान्तिक धारणाहरुलाई यस अध्ययनमा

समेटिएको हो । यदि सैद्धान्तिक धारणालाई अलग्याईने हो भने अनुसन्धान अधुरै रहन्छ । सिद्धान्तका साथसाथै सम्बन्धित साहित्यको अध्ययन गरी समालोचना गर्नु पनि अत्यावश्यक छ किनभने आजसम्ममा त्यस विषयको बारेमा कसले कति सम्म खोजी गरी व्याख्या विश्लेषण गरे र अब कुन कुरालाई अझै थप अनुसन्धानको आवश्यकता छ भन्ने कुराको निष्कर्शमा पुग्न सैद्धान्तिक अध्ययन तथा सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको हो ।

दलित समुदायमा विद्यमान समस्याको समाधानको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, उनीहरुसँगको समान व्यवहार, शैक्षिक सहभागिता वृद्धि गर्नको साथै छात्रवृत्ति तथा निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन गर्ने, दलित अभिभावकको लागि आय आर्जन र सीपमुलक तालिम संचालन गर्ने, वृद्ध उमेरका मानिसहरुकालागि प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गर्ने, बालकेन्द्र र शिशुस्याहार केन्द्र स्थापना गर्ने, अतिरिक्त समयमा शिक्षण कार्यक्रम सञ्चालन गर्ने, सहयोगी प्रकृतिका कार्यहरु सञ्चालन गर्ने, जिल्ला शिक्षा कार्यलयले विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने र जातिय विभेदीकरण अन्त्य गर्ने आदि समाधानका उपायहरु सिफारिस गरिनुका साथै विभिन्न सुझावहरु उक्त शोधपत्रमा समावेश गरिएको छ ।

शिक्षा नियमावली र राष्ट्रिय स्तरमा उल्लेखित प्रोत्साहानात्मक कार्यक्रमको प्रभावकारिता त छँदै छैन भन्न सकिदैन तर पनि परिणात्मक लक्ष्य भने पाउन सकिएको छैन । थप लक्ष हासिल गर्नको लागि अभिभावक सचेतना कार्यक्रम तथा शैक्षिक जागरण कार्यक्रमलाई अगाडि बढाउन सक्नुपर्ने देखिन्छ । शिक्षामा महिला, दलित एवं पिछडिएका वर्गहरुको अवस्थालाई ध्यान मारी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन थप कार्यक्रमहरु सञ्चालन गर्ने जस्तैः अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गर्ने सबैको लागि शिक्षा पु¥याउने विशेष सिकाइ आवश्यकता भएको वर्ग जस्तै दलित, अपाङ्गका लाीग विशेष शिक्षाको अवधारणा अनुरुप शिक्षाका कार्यक्रमहरु समाहित गरी एकिकृत शिक्षा पद्धति को विकास गर्ने । शिक्षामा दलित एवं पिछडिएका वर्गको पहुँच वढाई Dropout लाई अरु न्यूनीकरण गर्न छात्रवृत्तिको राशिलाई बढाई अझ व्यवस्थित गर्नु पर्ने समग्र शिक्षा संवेदनमूलक प्रणालीको विभिन्न पक्षहरु अध्ययन, अध्यापन, प्रशिक्षण, नीति निर्माण एवं व्यवस्थापनमा ठोस लैङ्गिक संवेदनमूलक सूचाङ्क तयार गरी लैङ्गिक एवम् जातीय सूचाङ्क परीक्षण प्रणाली लागु गर्नुपर्ने देखिन्छ । यी उपरोक्त विचार एवं पक्षहरुको अलावा विद्यालयमा दलित विद्यार्थी संख्याको भर्ना दर एवं टिकाउदरलाई आधार मानी उच्च भर्नादर

एवं टिकाउदर भएको विद्यालयलाई थप अनुदान एवं शिक्षालाई Incentive को व्यवस्था गर्न सके दलित Dropout को समस्या न्यूनीकरणभई केही वर्षमा नै लक्षमा पुग्न सकिने थियो । अतः दलितहरुको बारेमा अग्रजहरुबाट प्रस्तुत गरिएका सिद्धान्त तथा अध्ययनलाई समावेश गर्नुको मूल ध्येय आफ्नो अध्ययन पनि सोही बिषयसँग सम्बन्धित छ र ती विधाहरुले शोध कर्तालाई आफ्नो अध्ययनलाई ठीक ठाउँमा राख्न , अध्ययनका लागि आवश्यक सैद्धान्तिक ढाँचा निर्माण गर्न, अध्ययनसँग सम्बन्धित विभिन्न विषयवस्तुको खोज गर्ने कार्यमा यथेष्ट मार्ग निर्देश गरी सहयोग पुऱ्याएको छ ।

# परिच्छेद - तीन

# अध्ययन विधि

अनुसन्धानात्मक सफलताको लागि उपयुक्त अध्ययन प्रविधि रोज्नु अति आवश्यक हुन्छ। खास अनुसन्धानको उद्देश्यहरुलाई लक्ष्यमा पुऱ्याउन अपनाउने तौरतरिकालाई अध्ययनविधिको रुपमा लिन सकिन्छ । अनुसन्धानात्मक लेख तयार पार्दा दुवै प्रकारको प्रारम्भिक तथा द्वितीय स्रोत उपयोगी हुन्छन् । यसमा प्राप्त सूचनाहरुको खोजी वर्णनात्मक र व्याख्यात्मक रुपमा विश्लेषण गरिनु पर्दछ । जसले अनुसन्धानलाई सैद्धान्तिक तथा व्यवहारिक नतिजामा पुऱ्याउन सहयोग गर्दछ । अनुसन्धानको लागि आफैंले संकलन गरेका तथ्याङ्क प्रारम्भिक हुन भने आफ्नो प्रयोगका लागि अरुले संकलन गरेका तथ्याङ्कलाई द्वितीय स्रोत भनिन्छ । द्वितीय स्रोत संकलन गर्न सजिलो हुन्छ , किनकी छापिएका पुस्तक रेकर्डबाट संकलित गर्न सकिन्छ । तर प्रारम्भिक श्रोत भने तत्कालिन रुपमा सम्बन्धित र सरोकार पक्षबीच विभिन्न तरिका अरुलाई लिनुपर्ने हुन्छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनका लागि अन्तरवार्ता, प्रश्नावली र अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको व्याख्यात्मक विश्लेषण , वर्णनात्मक विधि र कम मात्रामा परिमाणात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनमा मोरङ्ग जिल्ला , केराबारी स्रातकेन्द्र अन्तर्गतका स्थित ३४ वटा सामुदायिक (सरकारी) प्राथमिक विद्यालयहरुलाई अध्ययनको जनसंख्या वा क्षेत्रको रुपमा लिइयो । अध्ययन क्षेत्रमा रहेका १० वटा प्राथमिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाहरुलाई अध्ययनको मुख्य जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३. नमूना छनोट

केराबारी स्रोतकेन्द्र अन्तर्गत पर्ने पाँचवटा गा.वि.स.हरु बाटै भौगोलिक अवस्थालाई समेत ध्यानमा राखी जम्मा १० वटा प्राथमिक विद्यालयको छनौट गरी विस्तृत अध्ययन गरिएको

छ । साथै बीचैमा विद्यालय छाडेका १० जना दलित विद्यार्थी , तिनका अभिभावकमध्ये १० र विद्यालयका वि.व्य.स. पदाधिकारी, प्र.अ. र शिक्षकमध्ये १० जना को छनौट गरिएको छ ।

## ३.४. नमूना छनोटको आधार

अध्ययनको जनसंख्याको रुपमा रहेका विद्यालयहरु मध्येबाट संयोग नमूना छनौट विधिको आधारमा विद्यालयको छनौट कार्य गरियो र उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरी विद्यार्थी ,अभिभावक र वि.व्य.स. पदाधिकारी , प्र.अ. तथा शिक्षकका छनौट गरियो ।

## ३.५ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका निम्ति दुई किसिमका तथ्याङ्क स्रोतहरुको प्रयोग गरियो ।

**क) प्राथमिक स्रोतहरु**

अन्तर्वार्ता, प्रश्नावली , व्यक्तिगत भेटघाट , छलफल र अवलोकनलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ ।

**ख) द्वितीय स्रोतहरु**

लेख, रचना, अनुसन्धान प्रतिवेदन तथा विद्यालय स्रोतकेन्द्र, गा.वि.स., जि.शि.का. तथा गैर सरकारी संघ  संस्थाहरुबाट उपलब्ध सूचना एवं तथ्याङ्क लाई यस अध्ययनको द्वितीय तथ्याङ्क स्रोतहरुका रुपमा लिइएको छ ।

यस अनुसन्धान पत्र तयार गर्दा तथ्याङ्कहरुको संकलन गर्नका लागि प्रयोग गरिएका पुस्तक , पत्र पत्रिका ,लेख/रचना , प्रतिवेदन आदि सामग्रीहरुको नामावली/ नमुना सन्दर्भ ग्रन्थ सूचीमा उल्लेख गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि सर्वप्रथम अध्ययनक्षेत्रको छनौट गर्ने कार्य भयो । तत्पश्चात सम्बन्धित विद्यालयहरुको स्थलगत भ्रमण गरी तथ्याङ्क फाराम तथा अभिलेख अध्ययन गरी विद्यार्थीको सहभागिता पत्ता लगाउने कार्य गरियो । प्राप्त तथ्याङ्कको अध्ययन

पश्चात विद्यार्थी, अभिभावक, प्रशासकीय तथा व्यवस्थापकीय जिम्मेवारी वहन गर्ने व्यक्तित्वहरुसँग भेट गरी प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राथमिक तथ्याङ्क स्रोतको रुपमा थप जानकारी लिने कार्य गरियो ।

## ३.७ तथ्याङ्क विश्लेषण/व्याख्या प्रक्रिया

अध्ययनका लागि संकलन गरिएका आवश्यकीय तथ्य/तथ्याङ्कहरुको विश्लेषणमा अध्ययनकर्ता स्वयंले प्राप्त जानकारी एवम सूचनाहरुलाई आवश्यक परेको स्थानमा तालिका निर्माण गरी वर्णनात्मक तरिकाले व्याख्या एवं विश्लेषण गरिएको छ । प्राप्त सूचनाहरुलाई तुलनात्मक रुपमा संख्यात्मक र गुणात्मक रुपमा देखाउन प्रयास गरिएको छ भने सूचना प्राप्त गर्न खुला प्रश्न गरी उनीहरुको भनाईका आधारमा निष्कर्ष र उपलब्धि प्रस्तुत गरिएको छ । मूल रुपमा विद्यालयको अभिलेखको तथ्य/सत्य प्रतिवेदनको सूचनालाई आधार मानिएको छ । यी सम्पूर्ण तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषणको आधारमा अन्त्यमा निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद - चार

# तथ्याङ्कको विश्लेषण, व्याख्या तथा प्रस्तुतिकरण

अध्ययनको यस खण्डमा शोधकर्ताद्वारा अध्ययनका उद्देश्य प्राप्तीका लागि तयार गरिएका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त जानकारी, सूचना र तथ्याङ्कहरुलाई वर्णनात्मक र तथ्याङ्कीय रुपमा प्रस्तुत गरिएको छ ।

## ४.१ विद्यार्थीहरुको विद्यालय विद्यार्थी भर्ना स्थिति र सहभागिता

अध्ययनका निम्ति छनौट गरिएका विद्यालयहरुको प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुको संख्या विद्यालय अभिलेख र तथ्याङ्क फाराममा उल्लेख भए बमोजिम विद्यार्थी संख्यामा आएको संख्यात्मक अन्तरलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १**

**श्री मच्छिन्द्र उ. मा.वि.को प्रा.वि.तहमा अध्ययनरत कक्षागत विद्यार्थी संख्या**


| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ५ | ५ | १० | ४ | ३ | ७ | ३ | २ | ५ |
| | जनजाति | २१ | १८ | ३९ | २१ | १८ | ३९ | १७ | १३ | ३० |
| | अन्य | २२ | २४ | ४६ | २० | २२ | ४२ | ११ | १७ | २८ |
| २ | दलित | ७ | १० | १७ | ६ | ८ | १४ | ५ | ७ | १२ |
| | जनजाति | २४ | १८ | ४२ | २० | १६ | ३६ | १८ | १३ | ३१ |
| | अन्य | १८ | १८ | ३६ | १६ | १४ | ३० | १४ | १२ | २६ |
| ३ | दलित | ७ | ५ | १२ | ६ | ४ | १० | ६ | ३ | ९ |
| | जनजाति | २९ | २५ | ५४ | २५ | २२ | ४७ | २३ | २० | ४३ |
| | अन्य | २५ | २४ | ४९ | २१ | २२ | ४३ | २० | १८ | ३८ |
| ४ | दलित | ७ | ३ | १० | ६ | २ | ८ | ५ | २ | ७ |
| | जनजाति | २८ | २६ | ५४ | २६ | २३ | ४९ | २५ | २२ | ४७ |
| | अन्य | २७ | ३० | ५७ | २५ | २७ | ५२ | २२ | २५ | ४७ |
| ५ | दलित | ५ | ११ | १६ | ५ | ९ | १४ | ४ | ८ | १२ |
| | जनजाति | २१ | २५ | ४६ | २१ | २५ | ४६ | १९ | २३ | ४२ |
| | अन्य | २३ | २५ | ४८ | २३ | २५ | ४८ | १७ | १७ | ३४ |
| **जम्मा** | **दलित** | **३१** | **३४** | **६५** | **२६** | **३०** | **५६** | **२१** | **२४** | **४५** |
| | **जनजाति** | **१२३** | **११२** | **२३५** | **११६** | **१०९** | **२२५** | **१०५** | **१००** | **२०५** |
| | **अन्य** | **११५** | **१२१** | **२३६** | **११०** | **११५** | **२२५** | **१०४** | **१०७** | **२११** |

(स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

माथि उल्लेखित तालिकाबाट अध्ययनका लागि छनौट गरिएको विद्यालय श्री मच्छिन्द्र उच्च मा.वि. केराबारीमा कक्षा १ देखि ५ सम्म (प्राथमिक तह) मा अध्ययन गर्ने दलित, जनजाति तथा अन्य बालबालिकाको समग्र अवस्था स्पष्ट भएको छ । उल्लेखित तथ्याङ्कबाट उक्त विद्यालयमा शैक्षिक वर्ष २०६४ मा कूल ६५ जना दलित छात्रछात्रा भर्ना भएकोमा ५६ जना मात्र वार्षिक परीक्षामा सम्मिलित भई ४५ जना उत्तीर्ण भएको पाइन्छ । यस विद्यालयबाट शैक्षिक वर्ष २०६४ मा विचैमा विद्यालय छाड्ने दलित विद्यार्थीको संख्या ९ रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**स्तम्भ चित्र १**

**श्री मच्छिन्द्र उच्च माध्यमिक विद्यालयको जातिगत विद्यार्थी अवस्था**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम - २०६४)

प्रस्तुत स्तम्भ चित्रले श्री मच्छिन्द्र उच्च मा.वि. को प्राथमिक तहको समग्र विद्यार्थी संख्याको अवस्था हेर्दा दलितको संख्या कम र जनजाति र अन्य जातिको संख्या बढी भएको देखाइएको छ ।

त्यसैगरी नमूना छनौटमा परेको याङ्शीला गा.वि.स. वार्ड नं. ६ मा रहेको श्री जगदम्बा प्रा.वि.मा अध्ययनरत विद्यार्थीहरुको सहभागीताको स्थिति तल दिईएको तालिकाबाट जानकारी प्राप्त गर्न सकिन्छ ।

तालिका २

श्री जगदम्बा प्रा.वि.मा अध्ययनरत कक्षागत विद्यार्थी संख्या

| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ५ | २ | ७ | ३ | २ | ५ | २ | १ | ३ |
| | जनजाति | २८ | २६ | ५४ | २२ | २० | ४२ | १२ | ९ | २१ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| २ | दलित | १ | १ | २ | १ | १ | २ | १ | १ | १ |
| | जनजाति | १७ | २६ | ४३ | १६ | २१ | ३७ | १५ | १८ | ३३ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| ३ | दलित | - | - | - | - | - | - | - | - | - |
| | जनजाति | १८ | २३ | ४१ | १८ | २२ | ४० | १२ | १७ | २९ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| ४ | दलित | - | १ | १ | - | १ | १ | - | - | - |
| | जनजाति | १७ | १२ | २९ | १७ | १२ | २९ | १६ | ८ | २४ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| ५ | दलित | - | १ | १ | - | १ | १ | - | १ | १ |
| | जनजाति | १२ | ८ | २० | १२ | ७ | १९ | ११ | ७ | १८ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| **जम्मा** | **दलित** | **६** | **५** | **११** | **४** | **५** | **९** | **३** | **३** | **६** |
| | **जनजाति** | **९२** | **९५** | **१८७** | **८५** | **८२** | **१६७** | **६६** | **५९** | **१२५** |
| | **अन्य** | - | - | - | - | - | - | - | - | - |


( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

माथि उल्लेखित तालिका अनुसार अध्ययनका लागि छनौट गरिएको दुर्गम क्षेत्रमा अवस्थित प्राथमिक विद्यालय श्री जगदम्वी प्रा.वि. याङ्शिलामा कूल विद्यार्थी संख्याको अनुपातमा दलित विद्यार्थीको संख्या उल्लेख्य नभएता पनि कक्षा छाड्ने दर भने देखा परेको पाइन्छ ।

तथ्याङ्क अनुसार उक्त विद्यालयमा कूल ११ जना दलित छात्र छात्रा मध्ये ९ जना मात्र अन्तिम परीक्षामा सामेल भई त्यसमध्ये ६ जना मात्र उत्तीर्ण भएको पाइन्छ । यस विद्यालयबाट जम्मा २ जना मात्र दलित विद्यार्थीले बिचैमा विद्यालय छाडेको तथ्याङ्कबाट थाहा हुन आएको छ । प्रस्तुत तथ्याङ्कबाट प्राप्त कूल संख्यालाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**स्तम्भ चित्र २**

**श्री जगदम्वी प्रा.वि. को जातिगत विद्यार्थी अवस्था**




(स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

प्रस्तुत स्तम्भ चित्रमा दिइएको विवरण अनुसार श्री जगदम्वी प्रा.वि. मा दलित विद्यार्थीको संख्या न्यून मात्रामा , जनजातिको उल्लेख्य सहभागिता रहेको तर अन्य जातिका विद्यार्थी भने नभएको तथ्य स्पष्ट हुन्छ । उक्त विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थी सबै अन्तिम परीक्षामा सहभागि नभएको र सहभागि भएका पनि धेरै अनुत्तीर्ण भएको पाइन्छ ।

नमुना छनौटमा परेको केराबारी गा.वि.स. वार्ड नं. ७ मा स्थित श्री लक्ष्मि मा.वि.को प्रा.वि.मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको कक्षागत विद्यार्थी संख्याको विवरण निम्न तालिकाबाट जानकारी लिन सकिन्छ ।

**तालिका ३**

**श्री लक्ष्मी मा.वि.को कक्षा १-५ मा अध्ययनरत कक्षागत विद्यार्थी संख्या**

| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ७ | ९ | १६ | ६ | ८ | १४ | ६ | ८ | १४ |
| | जनजाति | ३२ | २४ | ५६ | ९ | १७ | २६ | ९ | १७ | २६ |
| | अन्य | २२ | १४ | ३६ | ५ | ९ | १४ | ५ | ८ | १३ |
| २ | दलित | ४ | - | ४ | ३ | - | ३ | ३ | - | ३ |
| | जनजाति | १४ | १४ | २८ | ९ | १० | १९ | ९ | ८ | १७ |
| | अन्य | १४ | २ | १६ | ७ | ५ | १२ | ७ | ४ | ११ |
| ३ | दलित | ४ | ३ | ७ | ३ | ३ | ६ | ३ | २ | ५ |
| | जनजाति | २७ | २१ | ४८ | १९ | १८ | ३७ | १८ | १५ | ३३ |
| | अन्य | ६ | ११ | १७ | ७ | ७ | १४ | ५ | ७ | १२ |
| ४ | दलित | ५ | ३ | ८ | ४ | २ | ६ | ४ | २ | ६ |
| | जनजाति | २७ | २१ | ४८ | १९ | १८ | ३७ | १९ | १८ | ३७ |
| | अन्य | ६ | १२ | १८ | ६ | ९ | १५ | ४ | ११ | १५ |
| ५ | दलित | २ | २ | ४ | २ | १ | ३ | २ | १ | ३ |
| | जनजाति | १० | १४ | २४ | ९ | ९ | १८ | ९ | ९ | १८ |
| | अन्य | १३ | १९ | ३२ | ११ | १५ | १६ | ११ | ४ | १५ |
| **जम्मा** | **दलित** | **२२** | **१७** | **३९** | **१९** | **१४** | **३३** | **१६** | **१३** | **२९** |
| | **जनजाति** | **१०६** | **९६** | **२०२** | **६६** | **७६** | **१४२** | **६१** | **६८** | **१२९** |
| | **अन्य** | **६१** | **५८** | **११९** | **३६** | **३५** | **७१** | **३२** | **३५** | **६७** |


( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम - २०६४)

माथि उल्लेखित तालिकामा केराबारी गा.वि.स. वडा नं. ९ स्थित श्री लक्ष्मी मा.वि.को शैक्षिक वर्ष २०६४ को विद्यार्थी संख्याको अवस्था प्रस्तुत गरिएको छ । स्थलगत अवलोकनबाट जानकारी भए अनुसार उक्त क्षेत्रमा दलित तथा जनजातिको बाहुल्यता रहेको पाइएतापनि शिक्षामा सहभागिता भने उल्लेख्य रहेको पाइएन । विद्यालयको तथ्याङ्क हेर्दा उक्त विद्यालयमा कूल ३९ जना दलित छात्रछात्रा भर्ना भएकोमा ३३ जना वार्षिक परीक्षामा सम्मिलित भई २९ जनाले परीक्षा उत्तीर्ण गरेको कुरा स्पष्ट भएको छ ।

विद्यालयबाट वर्षभरिमा ६ जना विद्यार्थी विचैमा विद्यालय छाडेर गएको कुरा पनि तथ्याङ्कबाट थाहा हुन आउँछ ।

प्रस्तुत तथ्याङ्कको थप स्पष्टताका लागि स्तम्भ चित्रमा समेत प्रस्तुत गरिएको छ । तलको चित्रमा दलित, जनजाति र अन्य विद्यार्थीहरुको जम्मा संख्या, परीक्षामा सहभागी हुनेको संख्या र परीक्षामा उत्तीर्ण हुनेको संख्यालाई क्रमशः स्तम्भहरुमा प्रस्ततु गरिएको छ । स्तम्भहरुबाट यस विद्यालयमा जनजाति विद्यार्थीहरुको बाहुल्यता रहेको कुरा प्रष्टिएको छ ।

**स्तम्भ चित्र ३**
**श्री लक्ष्मी मा.वि.को कक्षा १-५ को जम्मा विद्यार्थी संख्या**




(स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

माथिको स्तम्भ चित्र अनुसार श्री लक्ष्मी मा.वि. मा दलित विद्यार्थीको तुलनामा जनजाति र अन्य जातिका विद्यार्थी सख्या बढी रहेको र अन्तिम परीक्षामा सहभागी नभइ विद्यालय छाड्ने र उनुत्तीर्ण हुने दर पनि बढी नै रहेको पाइन्छ ।

भर्खरै नि.मा.वि. तह सम्मको पढाईको लागि अघि बढेको श्री आमजुंगी नि.मा.वि. केराबारी-५ मा अध्ययनरत प्रा.वि. तहका विद्यार्थी विवरण निम्न तालिकामा सहभागीताको स्थिति प्रस्तुत गरिएको छ । यसबाट विद्यालयमा कक्षा १ देखि ५ सम्मका सबै जाति र लिङ्गका विद्यार्थीहरुको संख्या स्पष्ट हुन्छ ।

## तालिका ४
## श्री आमजुँगी नि.मा.वि.को कक्षा १-५ मा अध्ययनरत कक्षागत विद्यार्थी संख्या

| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | २ | ५ | ७ | २ | ४ | ६ | २ | २ | ४ |
| | जनजाति | ४ | ६ | १० | ४ | ६ | १० | ३ | ४ | ७ |
| | अन्य | २४ | १६ | ४० | २३ | १४ | ३७ | ११ | १८ | १९ |
| २ | दलित | १ | ६ | ७ | १ | ५ | ६ | - | ५ | ५ |
| | जनजाति | ७ | ४ | ११ | ७ | ४ | ११ | ७ | ४ | ११ |
| | अन्य | १० | ८ | १८ | १० | ७ | १७ | ८ | ५ | १३ |
| ३ | दलित | ३ | ३ | ६ | २ | ३ | ५ | २ | २ | ४ |
| | जनजाति | ३ | ३ | ६ | २ | ३ | ५ | २ | ३ | ५ |
| | अन्य | १४ | १६ | ३० | १४ | १६ | ३० | ९ | १२ | २१ |
| ४ | दलित | २ | ४ | ६ | २ | २ | ४ | १ | २ | ३ |
| | जनजाति | ५ | १ | ६ | ४ | १ | ५ | ४ | १ | ५ |
| | अन्य | २१ | १० | ३१ | २१ | १० | ३१ | २० | ४ | २४ |
| ५ | दलित | - | १ | १ | - | १ | १ | - | १ | १ |
| | जनजाति | ४ | २ | ६ | २ | २ | ४ | २ | २ | ४ |
| | अन्य | १० | ९ | १९ | ९ | ९ | १८ | ८ | ९ | १७ |
| **जम्मा** | **दलित** | **८** | **१९** | **२७** | **८** | **१६** | **२४** | **६** | **११** | **१७** |
| | **जनजाति** | **२३** | **१६** | **३९** | **१७** | **१६** | **३३** | **१६** | **१४** | **३०** |
| | **अन्य** | **७९** | **५९** | **१३८** | **७९** | **५६** | **१३५** | **३४** | **३८** | **७२** |

( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम , २०६४)


माथिको तालिकामा केराबारी गा.वि.स. वडा न.. ५ मा अवस्थित आमजुँगी प्रस्तावित निम्न माध्यमिक विद्यालयको विद्यार्थी संख्याको अवस्था प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्क अनुसार उक्त विद्यालयमा दलित तर्फ छात्र भन्दा छात्राको सहभागिता निकै राम्रो देखिन्छ ।

त्यसैगरी तथ्याङ्कमा ठूला कक्षाहरुमा भन्दा साना कक्षामा दलित विद्यार्थीको संख्या बढ्दै गएको देखिएको छ । विद्यालयको वार्षिक अवस्था हेर्दा कूल २७ जना दलित छात्रछात्रा भर्ना भएकोमा २४ जना अन्तिम परीक्षामा सम्मिलित भई १७ जना मात्र उत्तीर्ण भएको पाइन्छ । यसबाट के प्रष्ट हुन्छ भने शैक्षिक वर्ष २०६४ मा विद्यालय विचैमा छाड्ने दलित विद्यार्थीको संख्या ३ रहेको छ ।

माथि उल्लेखित तालिकाको विद्यार्थी विवरणलाई स्तम्भ चित्रद्धारा प्रस्तुत गर्दा यस प्रकार पाउन सकिन्छ ।

**स्तम्भ चित्र ४**

**श्री आमनुँगी नि.मा.वि.को कक्षा १-५ को जम्मा विद्यार्थी संख्या**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

प्रस्तुत स्तम्भ चित्र अनुसार श्री आमजुँगी नि.मा.वि. मा दलित र जनजातिको तुलनामा अन्य जातिका विद्यार्थीको संख्या बढी रहेको र विद्यार्थी भर्नाको अनुपातमा अन्तिम परीक्षामा सामेल हुने र परीक्षा उत्तीर्ण गर्ने दर पनि अन्य जातिकै बढी रहेको पाइन्छ ।

नमूना छनौटमा छनौट भएको पाटी गा.वि.स. वार्ड नं. ७ मा रहेको श्री प्रा.वि. को कक्षा १ देखि कक्षा ५ सम्मका सम्पूर्ण विद्यार्थीहरुको सहभागीताको विस्तृत विवरण संकलन गरी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५

श्री प्रा.वि. (पाटी-७) को कक्षागत विद्यार्थी संख्या

| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ३ | २ | ५ | २ | २ | ४ | १ | १ | २ |
| | जनजाति | २१ | २० | ४१ | २१ | २० | ४१ | १२ | १३ | १५ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| २ | दलित | २ | - | २ | २ | - | २ | २ | - | ५ |
| | जनजाति | १५ | १३ | २८ | १५ | १३ | २८ | १४ | १३ | २७ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| ३ | दलित | - | २ | २ | - | २ | २ | - | २ | २ |
| | जनजाति | १० | ३ | १३ | १० | ३ | १३ | १० | ३ | १३ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| ४ | दलित | ३ | ३ | ६ | ३ | २ | ५ | २ | २ | ४ |
| | जनजाति | ६ | ८ | १४ | ६ | ८ | १४ | ६ | ८ | १४ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| ५ | दलित | - | - | - | - | - | - | - | - | - |
| | जनजाति | ४ | ६ | १० | ४ | ६ | १० | ३ | ६ | ९ |
| | अन्य | - | - | - | - | - | - | - | - | - |
| **जम्मा** | **दलित** | **८** | **७** | **१५** | **७** | **६** | **१३** | **५** | **५** | **१०** |
| | **जनजाति** | **५६** | **५१** | **१०७** | **५६** | **५१** | **१०७** | **४६** | **३३** | **७९** |
| | **अन्य** | - | - | - | - | - | - | - | - | - |


( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

उल्लेखित तालिकामा अत्यन्तै न्यून विद्यार्थी संख्याभएको पाटी गा.वि.स. वडा न.. ७ मा अवस्थित श्री प्रा.वि.को शैक्षिक वर्ष २०६४ को तथ्याङ्क प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्क अनुसार यस विद्यालयमा शैक्षिक वर्षको शुरुमा जम्मा १५ दलित विद्यार्थी रहेकोमा अन्तिम परीक्षामा १३ विद्यार्थी सामेल भई १० जना उत्तीर्ण भएको पाइन्छ । त्यस वर्ष विद्यालय छाडेर बिचैमा पलायन हुने दलित विद्यार्थीको संख्या २ मात्र रहेको छ ।

माथि उल्लेखित श्री प्रा.वि.को कक्षा १ देखि ५ सम्मको विद्यार्थीहरुको विवरणलाई स्तम्भ चित्रमा यस प्रकार प्रस्तुत गरिएको छ ।

**स्तम्भ चित्र ५**

**श्री प्रा.वि.को जम्मा विद्यार्थी संख्या**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

उल्लेखित स्तम्भ चित्रले दुर्गम क्षेत्रमा अवस्थित विद्यालय श्री प्रा.वि. को विद्यार्थी संख्याको अवस्था दर्शाएको छ । चित्र अनुसार उक्त विद्यालयमा केही संख्यामा दलित विद्यार्थी , ठूलो संख्यामा जनजाति र अन्य जातिको उपस्थिति शुन्य देखिन्छ । भर्ना भएका विद्यार्थी मध्ये दलित केही संख्यामा र जनजाति निकै ठूलो संख्यामा परीक्षामा अनुत्तीर्ण भएको पाइन्छ ।

केराबारी गा.वि.स. वार्ड नं. ८ मा अवस्थित श्री मुगु प्रस्तावित नि.मा.वि. मा रहेका विद्यार्थीहरुको विद्यालयमा सहभागिताको स्थितिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिकाबाट कक्षा १ देखि ५ सम्मको सम्पूर्ण विद्यार्थीहरुको विवरणको जानकारि पाउन सकिन्छ ।

## तालिका ६

## श्री मुगु प्र. नि.मा.वि. (केराबारी -८) को कक्षा १-५ को विद्यार्थी संख्या

| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ५ | १ | ६ | ४ | १ | ५ | ४ | १ | ५ |
| | जनजाति | १६ | १० | २६ | १५ | ८ | २३ | १५ | ८ | २३ |
| | अन्य | ३ | २ | ५ | ३ | २ | ५ | १ | १ | २ |
| २ | दलित | ९ | ७ | १६ | ९ | ५ | १४ | ३ | १ | ४ |
| | जनजाति | २३ | १९ | ४२ | १८ | १९ | ३७ | १६ | ७ | २३ |
| | अन्य | २ | २ | ४ | २ | २ | ४ | १ | १ | २ |
| ३ | दलित | ६ | ६ | १२ | ६ | ५ | ११ | ५ | ५ | १० |
| | जनजाति | १३ | २३ | ३६ | १२ | २३ | ३५ | ११ | १२ | २३ |
| | अन्य | २ | १ | ३ | २ | १ | ३ | १ | १ | २ |
| ४ | दलित | २ | ३ | ५ | २ | ३ | ५ | २ | ३ | ५ |
| | जनजाति | २३ | १७ | ४० | २२ | २० | ४२ | २० | १९ | ३९ |
| | अन्य | १ | १ | २ | - | - | - | - | - | - |
| ५ | दलित | - | ४ | ४ | - | ४ | ४ | - | ३ | ३ |
| | जनजाति | २३ | २२ | ४५ | १९ | १८ | ३७ | १९ | १८ | ३७ |
| | अन्य | २ | २ | ४ | - | - | - | - | - | - |
| **जम्मा** | **दलित** | **२२** | **२१** | **४३** | **१६** | **२०** | **३६** | **१४** | **१३** | **२७** |
| | **जनजाति** | **९८** | **९१** | **१८९** | **८३** | **८४** | **१६७** | **७९** | **६१** | **१४०** |
| | **अन्य** | **१२** | **८** | **२०** | **७** | **५** | **१२** | **३** | **३** | **६** |


( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम,२०६४)

माथि उल्लेखित तालिकामा केराबारी गा.वि.स. वडा नं. ८ स्थित श्री मुगु प्र.नि.मा.वि. को शैक्षिक वर्ष २०६४ को विद्यार्थी संख्याको अवस्था प्रस्तुत गरिएको छ। विद्यालयको तथ्याङ्क हेर्दा उक्त विद्यालयमा कूल ४३ जना दलित छात्रछात्रा भर्ना भएकोमा ३६ जना वार्षिक परीक्षामा सम्मिलित भई २७ जनाले परीक्षा उत्तीर्ण गरेको कुरा स्पष्ट भएको छ ।

विद्यालयबाट वर्षभरिमा ७ जना विद्यार्थी विचैमा विद्यालय छाडेर गएको पाइन्छ । यो संख्या निकै ठूलो संख्या हो । यसलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र ६**

**श्री मुगु प्र.नि.मा.वि.को जम्मा विद्यार्थी संख्या**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम,२०६४)

जनजातिको बाहुल्यता रहेको देखिन्छ । दलितको संख्या दोस्रो स्थानमा देखिन्छ भने अन्य जातजातिको संख्या तेस्रो स्थानमा छ । उक्त विद्यालयमा विद्यार्थी भर्नाको अनुपातमा अन्तिम परीक्षामा सहभागि हुने र कक्षा उत्तीर्ण गर्ने विद्यार्थीको संख्या हेर्दा शैक्षिक वर्ष पूरा नगर्दै बीचैमा विद्यालय छाड्ने र कक्षा अनुतीर्ण गर्ने विद्यार्थीको संख्या दलित जनजाति र अन्य जाति सबैमा रहेको पाइन्छ ।

तथ्याङ्क संकलनको शिलसिलामा याङ्शिला गा.वि.स. मा रहेको एक मात्र माध्यमिक विद्यालय श्री सावित्री माध्यमिक विद्यालय, याङ्शिला-८ को प्राथमिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको तहगत, लिङ्गगत तथा जातिगत विद्यार्थी सहभागिताको विवरण तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ७
## श्री सावित्री मा.वि.(याङ्शिला -८) को कक्षा १-५ को विद्यार्थी संख्या


| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ६ | ७ | १३ | ६ | ७ | १३ | ३ | ६ | ९ |
| | जनजाति | १८ | २६ | ४४ | १८ | २६ | ४४ | १८ | १८ | ३६ |
| | अन्य | ३ | - | ३ | ३ | - | ३ | २ | - | २ |
| २ | दलित | ७ | ५ | १२ | ७ | ५ | १२ | ३ | १ | ४ |
| | जनजाति | ३६ | १९ | ५५ | ३६ | १९ | ५५ | २६ | ८ | ३४ |
| | अन्य | २ | - | २ | २ | - | २ | १ | - | १ |
| ३ | दलित | ४ | १ | ५ | ४ | १ | ५ | ४ | १ | ५ |
| | जनजाति | ३६ | ३१ | ६७ | ३६ | ३१ | ६७ | २२ | २२ | ४४ |
| | अन्य | २ | ४ | ६ | २ | ४ | ६ | २ | १ | ३ |
| ४ | दलित | २ | ३ | ५ | २ | ३ | ५ | १ | १ | २ |
| | जनजाति | १० | २७ | ३७ | १० | २७ | ३७ | ८ | २५ | ३३ |
| | अन्य | १ | ७ | ८ | १ | ७ | ८ | - | ४ | ४ |
| ५ | दलित | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ |
| | जनजाति | २२ | १२ | ३४ | २२ | १२ | ३४ | १७ | ८ | २५ |
| | अन्य | २ | - | २ | २ | - | २ | १ | - | १ |
| **जम्मा** | **दलित** | **२०** | **१८** | **३८** | **२०** | **१८** | **३८** | **१२** | **११** | **२३** |
| | **जनजाति** | **१२२** | **११५** | **२३७** | **१२२** | **११५** | **२३७** | **९१** | **८१** | **१७२** |
| | **अन्य** | **१०** | **११** | **२१** | **१०** | **११** | **२१** | **६** | **६** | **१२** |

( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

उल्लेखित तथ्याङ्क अनुसार श्री सावित्री माध्यमिक विद्यालयमा दलित तर्फ छात्रा भन्दा छात्रको सहभागिता केही बढी देखिन्छ । तथ्याङ्कबाट ठूला कक्षाहरुमा भन्दा साना कक्षामा दलित विद्यार्थीको संख्या बढ्दै गएको कुरा प्रष्ट थाहा हुन्छ । विद्यालयको वार्षिक अवस्था हेर्दा कूल ३८ जना दलित छात्रछात्रा भर्ना भएकोमा ३६ जना नै अन्तिम परीक्षामा

सम्मिलित भई २३ जना मात्र उत्तीर्ण भएको पाइन्छ । प्रस्तुत विवरणलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छ ।

**स्तम्भ चित्र ७**
**श्री सावित्री मा.वि.को जम्मा विद्यार्थी संख्या**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम,२०६४)

उल्लेखित स्तम्भ चित्र अनुसार श्री सावित्री मा.वि., याङशिलामा जनजातिको संख्या सबभन्दा बढी रहेको र भर्ना भएका सबैजसो विद्यार्थी अन्तिम परीक्षामा सम्मिलित हुने तर उत्तीर्ण प्रतिशत भने निकै कम रहेको पाइन्छ ।

दिइएको तालिकामा अध्ययनका लागि छनौट गरिएको विद्यालय श्री कल्याणकारी मा.वि. को विद्यार्थी संख्यालाई प्रस्तुत गरिएको छ :

श्री कल्याणकारी मा.वि. सिंहदेवी वार्ड नं. ९ मा रहेको छ । यो सिंहदेवी गा.वि.स.को एक मात्र माध्यमिक विद्यालय हो । यस विद्यालयको सेवाक्षेत्र धनकुटा जिल्लाको सिमा क्षेत्र समेत रहेको छ । यस विद्यालयको कक्षा १ देखि कक्षा ५ सम्मका दलित, जनजाति तथा अन्य जातिका विद्यार्थीहरुको छात्र तथा छात्राहरुको कक्षागत सहभागिताको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ८
## श्री कल्याणकारी मा.वि. (सिंहदेवी-९) को कक्षा १-५को विद्यार्थी संख्या

| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ६ | - | ६ | ६ | - | ६ | ६ | - | ६ |
| | जनजाति | १० | ८ | १८ | ९ | ७ | १६ | ७ | ४ | ११ |
| | अन्य | ८ | १८ | २६ | ८ | १८ | २६ | ७ | १६ | २३ |
| २ | दलित | ४ | १ | ५ | ४ | १ | ५ | ४ | १ | ५ |
| | जनजाति | ११ | २० | ३१ | ११ | १९ | ३० | ९ | १७ | २६ |
| | अन्य | ७ | ६ | १३ | ७ | ६ | १३ | ७ | ५ | १२ |
| ३ | दलित | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ |
| | जनजाति | २० | ८ | २८ | २० | ८ | २८ | २० | ८ | २८ |
| | अन्य | - | ८ | ८ | - | ८ | ८ | - | ८ | ८ |
| ४ | दलित | २ | ३ | ५ | २ | ३ | ५ | २ | ३ | ५ |
| | जनजाति | ८ | ११ | १९ | ८ | ११ | १९ | ७ | १० | १७ |
| | अन्य | ६ | १४ | २० | ६ | १४ | २० | ६ | १४ | २० |
| ५ | दलित | १ | ४ | ५ | १ | ४ | ५ | १ | ४ | ५ |
| | जनजाति | २२ | १६ | ३८ | २२ | १६ | ३८ | १९ | १२ | ३१ |
| | अन्य | ८ | - | ८ | ८ | - | ८ | ८ | - | ८ |
| **जम्मा** | **दलित** | **१५** | **९** | **२४** | **१५** | **९** | **२४** | **१५** | **९** | **२४** |
| | **जनजाति** | **७१** | **६३** | **१३४** | **७०** | **६१** | **१३१** | **६२** | **५१** | **११३** |
| | **अन्य** | **२९** | **४६** | **७५** | **२९** | **४६** | **७५** | **२८** | **४३** | **७१** |


( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम,२०६४)

उल्लेखित तालिकामा पहाडी क्षेत्रमा अवस्थित सिंहदेवी गा.वि.स. वडा न.. ९ मा अवस्थित श्री कल्याणकारी माध्यमिक विद्यालयको शैक्षिक वर्ष २०६४ को तथ्याङ्क प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्क अनुसार यस विद्यालयमा शैक्षिक वर्षको शुरुमा जम्मा २४ दलित विद्यार्थी रहेकोमा अन्तिम परीक्षामा २४ जना नै विद्यार्थी सामेल भई २४ सै जना उत्तीर्ण

भएको पाइन्छ । यस विद्यालयको तथ्याङ्कबाट विद्यालयले दलित विद्यार्थीको विचैमा विद्यालय छाडेर जाने प्रवृत्तिको अन्त्य गरेको पाइन्छ । यसका साथै अन्य विद्यालयभन्दा फरक यस विद्यालयमा दलित विद्यार्थीको उत्तीर्ण प्रतिशत पनि शतप्रतिशत रहेको पाइन्छ । प्रस्तुत विवरणलाई स्तम्भचित्रमा निम्नानुसार देखाइएको छ :

**स्तम्भ चित्र ८**

**श्री कल्याणकारी मा.वि.को जम्मा विद्यार्थी संख्या**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम,२०६४)

माथिको स्तम्भ चित्रमा उत्तरी मोरङको पहाडी गा.वि.स. सिंहदेवी मा अवस्थित श्री कल्याणकारी मा.वि.मा दलित र अन्य जातिको तुलनामा जनजातिको बढी सहभागिता भएको देखिन्छ । उक्त विद्यालयमा भर्ना भएका मध्ये शतप्रतिशत दलित विद्यार्थी अन्तिम परीक्षामा सहभागि भई उत्तीर्ण संख्या पनि राम्रो रहेको पाइयो । यसको तुलनामा अन्य जातिका विद्यार्थीहरु परीक्षामा सहभागि भए पनि उत्तीर्ण दर भने कम रहेको पाइन्छ ।

याङ्शीला गा.वि.स. अन्तर्गत वार्ड नं. ८ मा रहेको श्री जनभूमि प्रा.वि. हाल सम्मको लागि कान्छो प्रा.वि. भईकन पनि विद्यार्थी संख्या उल्लेख्य रहेको छ । उक्त विद्यालयमा अध्ययनरत कक्षागत, जातीगत तथा लिङ्गगत रुपमा रहेका विद्यार्थीहरुको सहभागिताको स्थिति निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९
श्री जन्मभूमि प्रा.वि. (याङ्शिला-८) को विद्यार्थी संख्या


| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ११ | ५ | १६ | ९ | ३ | १२ | ८ | २ | १० |
| | जनजाति | १८ | ६ | २४ | १७ | ६ | २३ | १० | ३ | १३ |
| | अन्य | १२ | ११ | २३ | १२ | १० | २२ | ९ | ८ | १७ |
| २ | दलित | ७ | ७ | १४ | ६ | ५ | ११ | ४ | ४ | ८ |
| | जनजाति | १५ | ११ | २६ | १३ | १० | २३ | १२ | ९ | २१ |
| | अन्य | ६ | ६ | १२ | ५ | ६ | ११ | ५ | ४ | ९ |
| ३ | दलित | ५ | ४ | ९ | ५ | ३ | ८ | ४ | ३ | ७ |
| | जनजाति | १५ | १४ | २९ | १५ | १४ | २९ | १४ | १३ | २७ |
| | अन्य | ७ | ७ | १४ | ५ | ३ | ८ | ५ | ३ | ८ |
| ४ | दलित | ४ | १ | ५ | ४ | १ | ५ | ४ | १ | ५ |
| | जनजाति | १२ | ५ | १७ | १० | ५ | १५ | ९ | ५ | १४ |
| | अन्य | ५ | ५ | १० | ४ | २ | ६ | ४ | २ | ६ |
| ५ | दलित | - | २ | २ | - | २ | २ | - | १ | १ |
| | जनजाति | ७ | १२ | १९ | ७ | १० | १७ | ७ | १० | १७ |
| | अन्य | ५ | ६ | ११ | ५ | ६ | ११ | ५ | ५ | ८ |
| **जम्मा** | **दलित** | **२७** | **१९** | **४६** | **२४** | **१६** | **४०** | **१९** | **१३** | **३२** |
| | **जनजाति** | **६७** | **४८** | **११५** | **६१** | **४३** | **१०४** | **५३** | **३९** | **९२** |
| | **अन्य** | **३५** | **३४** | **६९** | **३१** | **२९** | **६०** | **२८** | **२४** | **५२** |

( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

माथि उल्लेखित तालिकामा याङ्शिला गा.वि.स. वडा नं. ८ स्थित श्री जन्मभूमि प्रा.वि. को शैक्षिक वर्ष २०६४ को विद्यार्थी संख्याको अवस्था प्रस्तुत गरिएको छ । विद्यालयको तथ्याङ्क हेर्दा उक्त विद्यालयमा कूल ४६ जना दलित छात्रछात्रा भर्ना भएकोमा ४० जना वार्षिक

परीक्षामा सम्मिलित भई ३२ जनाले परीक्षा उत्तीर्ण गरेको कुरा स्पष्ट भएको छ । विद्यालयबाट वर्षभरिमा ६ जना विद्यार्थी विचैमा विद्यालय छाडेर गएको पाइन्छ । यस तथ्याङ्कलाई तलको स्तम्भ चित्रले थप स्पष्ट पार्न सकिन्छ ।

**स्तम्भ चित्र ९**
**श्री जन्मभूमि प्रा.वि.को जम्मा विद्यार्थी संख्या**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

माथिको स्तम्भचित्रमाले श्री जन्मभूमि प्रा.वि.मा भर्ना भएका जम्मा विद्यार्थी मध्ये सबै अन्तिम परीक्षामा सहभागि नभएको र भएका पनि सबै उत्तीर्ण नभएको तथ्यलाई उजागर गरेको छ ।

विद्यालय तथ्याङ्क अध्ययनको क्रममा छनौटमा परेको केराबारी-८ मा अवस्थित श्री जनजागरण प्रा.वि.को विद्यार्थी सहभागिताको अवस्था निम्नानुसार रहेको छ । यस विवरणमा पनि तहगत, जातिगत तथा लिङ्गगत अवस्थाको विद्यार्थी सहभागिताको स्थिति प्रस्तुत गरी जम्मा विद्यार्थीहरुको संख्या उल्लेख गरिएको छ ।

तालिका १०


श्री जनजागरण प्रा.वि. (केराबारी-८) को विद्यार्थी संख्या

| कक्षा | विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | दलित | ३ | ५ | ७ | ३ | ४ | ७ | - | १ | १ |
| | जनजाति | १५ | १२ | २७ | १५ | १२ | २७ | ६ | ८ | १४ |
| | अन्य | १ | - | १ | १ | - | १ | १ | - | १ |
| २ | दलित | १ | १ | २ | १ | १ | २ | - | १ | १ |
| | जनजाति | १० | १० | २० | १० | १० | २० | ७ | ३ | १३ |
| | अन्य | ४ | - | ४ | ४ | - | ४ | २ | - | २ |
| ३ | दलित | १ | १ | २ | १ | १ | २ | - | १ | १ |
| | जनजाति | १३ | १२ | २५ | १३ | १२ | २५ | १३ | ९ | २२ |
| | अन्य | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ |
| ४ | दलित | २ | - | २ | २ | - | २ | १ | - | १ |
| | जनजाति | १० | ४ | १४ | १० | ४ | १४ | ७ | ३ | १० |
| | अन्य | २ | ३ | ५ | २ | ३ | ५ | २ | ३ | ५ |
| ५ | दलित | - | १ | १ | - | १ | १ | - | १ | १ |
| | जनजाति | ८ | ११ | १९ | ८ | ११ | १९ | ६ | ८ | १४ |
| | अन्य | १ | - | १ | १ | - | १ | १ | - | १ |
| **जम्मा** | **दलित** | **७** | **७** | **१४** | **७** | **७** | **१४** | **१** | **२** | **३** |
| | **जनजाति** | **५६** | **५०** | **१०६** | **५६** | **५०** | **१०६** | **३९** | **३४** | **७३** |
| | **अन्य** | **१०** | **४** | **१४** | **१०** | **४** | **१४** | **८** | **४** | **१२** |

( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम, २०६४)

माथि उल्लेखित तालिका अनुसार अध्ययनका लागि छनौट गरिएको केराबारी गा.वि.स. को दुर्गम क्षेत्रमा अवस्थित प्राथमिक विद्यालय श्री जनजागरण प्रा.वि. मा कूल विद्यार्थी संख्याको अनुपातमा दलित विद्यार्थीको संख्या उल्लेख्य नभएको र कक्षा छाड्ने विद्यार्थी समेत नभएको देखिन्छ । तथ्याङ्क अनुसार उक्त विद्यालयमा कूल १४ जना दलित छात्र छात्रा मा १४ जना नै अन्तिम परीक्षामा सामेल भई त्यसमध्ये ३ जना मात्र उत्तीर्ण भएको पाइन्छ । उक्त तथ्याङ्को स्तम्भचित्र  निम्नानुसार प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र १०**
**श्री जनजागरण प्रा.वि.को जम्मा विद्यार्थी संख्या**




( स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम,


प्रस्तुत स्तम्भ चित्रमा देखाइए अनुसार श्री जनजागरण प्रा.वि. मा दलित र अन्य विद्यार्थीको तुलनामा जनजातिको संख्या अधिकतम पाइएको छ । उक्त विद्यालयमा भर्ना भएका शत प्रतिशत विद्यार्थी अन्तिम परीक्षामा सहभागि भएको तथ्याङ्क भएतापनि उत्तीर्ण दर भने सन्तोषजनक पाइदैन । अन्तिम परीक्षामा सम्मिलित कूल १४ दलित विद्यार्थी मध्ये ३ जना मात्र उत्तीर्ण भएकोले आगामि शैक्षिक वर्षमा अनुत्तीर्ण भएका कारण विद्यालय छाड्ने सम्भावना देखिन्छ ।

## ४.१.१ जातिगत आधारमा प्राथमिक तहको जम्मा विद्यार्थी संख्या

यहाँ अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुमा भर्ना भएका, भर्नाभएका मध्ये अन्तिम परीक्षामा सम्मिलित भएका र अन्तिम परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुको जातिगत संख्या

विवरण प्रस्तुत गरिएको छ । प्रत्येक विद्यालयको कूल विद्यार्थी संख्यालाई जोडेर सम्पूर्ण विद्यालयको कूल विद्यार्थी संख्याको विवरण समेत निकालिएको छ । जस अनुसार कूल विद्यार्थी संख्या २५६५ मध्ये २३७९ जना अन्तिम परीक्षामा सम्मिलित भएको र १८६७ जना मात्र कक्षा उत्तीर्ण भएको तथ्य उजागर भएको छ । यस तथ्यलाई तलको स्तम्भ चित्रले थप स्पष्ट पारेको छ ।

**स्तम्भ चित्र ११**
**छनौट गरिएका विद्यालयको जम्मा विद्यार्थी संख्या**




(स्रोत : सम्बन्धित विद्यालयका तथ्याङ्क फाराम , २०६४)

माथिको स्तम्भ चित्रले जम्मा भर्ना भएका विद्यार्थीमध्ये सबैजना अन्तिम परीक्षामा सामेल नभई कक्षा छाड्ने गरेको र अन्तिम परीक्षामा सामेल भएका पनि सबै उत्तीर्ण नहुने गरेको कुरालाई स्पष्ट पारेको छ ।

## ४.१.२ दलित विद्यार्थी संख्याको विश्लेषण

अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुमा दलित विद्यार्थीको संख्याको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११

दलित विद्यार्थी संख्या

| विद्यालय | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| श्री मच्छिन्द्र उ.मा.वि. | ३१ | ३४ | ६५ | २६ | ३० | ५६ | २१ | २४ | ४५ |
| श्री जगदम्वी प्रा.वि. | ६ | ५ | ११ | ४ | ५ | ९ | ३ | ३ | ६ |
| श्री लक्ष्मी मा.वि. | २२ | १७ | ३९ | १९ | १४ | ३३ | १६ | १३ | २९ |
| श्री आमजुँगी प्र.नि.मा.वि. | ८ | १९ | २७ | ८ | १६ | २४ | ६ | ११ | १७ |
| श्री प्रा. वि. | ८ | ७ | १५ | ७ | ६ | १३ | ५ | ५ | १० |
| श्री मुगु प्रा.वि. | २२ | २१ | ४३ | १६ | २० | ३६ | १४ | १३ | २७ |
| श्री सवित्री मा.वि. | २० | १८ | ३८ | २० | १८ | ३८ | १२ | ११ | २३ |
| श्री कल्याणकारी मा.वि. | १५ | ९ | २४ | १५ | ९ | २४ | १५ | ९ | २४ |
| श्री जन्मभूमि प्रा. वि. | २७ | १९ | ४६ | २४ | १६ | ४० | १९ | १३ | ३२ |
| श्री जनजागरण प्रा.वि. | ७ | ७ | १४ | ७ | ७ | १४ | १ | २ | ३ |
| **जम्मा** | १६६ | १५६ | ३२२ | १४६ | १४१ | २८७ | ११२ | १०४ | २१६ |

(स्रोत : स्थलगत अध्ययन,२०६६)

माथिको तालिकामा अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुको दलित विद्यार्थीमात्रको संख्याको विवरण प्रस्तुत गरिएको छ । तालिका अनुसार मच्छिन्द्र उच्च मा.वि.को प्राथमिक तहमा सर्वाधिक ६५ दलित विद्यार्थी भर्ना भएको पाइयो भने । जगदम्वी प्रा.वि.मा सबैभन्दा कम ११ विद्यार्थी मात्र भर्ना भएका छन् । भर्ना भएका विद्यार्थीको अन्तिम परीक्षामा सहभागिता हेर्दा सावित्री मा.वि. , कल्याणकारी मा.वि. र जनजागरण प्रा.वि.मा शतप्रतिशत विद्यार्थी अन्तिम परीक्षामा सहभागी भएको पाइन्छ । यसैगरी अन्तिम परीक्षामा सम्मिलित मध्ये  परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीको संख्या हेर्दा श्री कल्याणकारी मा.वि.मा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएको पाइन्छ भने अन्य विद्यालयमा उत्तीर्ण हुनेको संख्या कम रहेको छ ।

## ४.१.३ बीचैमा कक्षा छाड्ने दलित विद्यार्थीको अन्य विद्यार्थीसँगको तुलना

जातिगत आधारमा अन्तिम परीक्षामा सहभागी नभई विद्यालय बीचैमा छाडेर जाने विद्यार्थी संख्याको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १२**

**जातिगत आधारमा बीचैमा विद्यालय छाडेका विद्यार्थी संख्याको तुलना**

| विद्यार्थी | जम्मा विद्यार्थी संख्या | अन्तिम परीक्षामा सम्मिलित | विचैमा विद्यालय छाड्ने (Drop Outs) | प्रतिशत |
|---|---|---|---|---|
| दलित . | ३२२ | २८७ | ३५ | १०.८६ |
| जनजाति | १५५१ | १४१९ | १३२ | ८.५१ |
| अन्य | ६९२ | ६१३ | ७९ | ११.४१ |
| कूल | २५६५ | २३१९ | २४६ | ९.५९ |

(स्रोत : स्थलगत अध्ययन,२०६६)

तलिकामा विश्लेषण गरिए अनुसार दलित विद्यार्थीको बीचैमा कक्षा छाड्ने दर १०.८६ प्रतिशत , जनजातिको ८.५१ प्रतिशत , अन्य जातिको ११.४१ प्रतिशत र समग्र अवस्था हेर्दा ९.५९ रहेको पाइन्छ ।

## ४.१.४ जातिगत आधारमा अन्तिम परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थीको अवस्था

विद्यालयमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरु अन्तिम परीक्षामा सहभागी भई उत्तीर्ण हुने अवस्था रहन्छ नै भन्न सकिन्न । कतिपय विद्यार्थीहरु शैक्षिकसत्रको बीचैमा विद्यालयबाट पलायन भएको तथ्याङ्कबाट बुझ्न सकिन्छ । यहाँ अध्ययनका लागि छनौट गरिएका विद्यालयको जम्मा विद्यार्थी संख्यालाई जातिगत आधारमा विभाजन गरी भर्ना भएका मध्ये अन्तिम परीक्षामा सहभागी हुने र ती मध्ये उत्तीर्ण हुनेको संख्यालाई विश्लेषण गरिएको छ । यसबाट जम्मा विद्यार्थी मध्ये कति अन्तिम परीक्षामा सहभागी भई उत्तीर्ण दर के कस्तो रहेको छ भन्ने कुरा अवगत हुन्छ ।

## तालिका १३

## जातिगत आधारमा अन्तिम परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी संख्या


| विद्यार्थी | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| दलित . | १६६ | १५६ | ३२२ | १४६ | १४१ | २८७ | ११२ | १०४ | २१६ |
| जनजाति | ८१४ | ७३७ | १५५१ | ७३२ | ६८७ | १४१९ | ६१८ | ५४० | ११५८ |
| अन्य | ३५१ | ३४१ | ६९२ | ३१२ | ३०१ | ६१३ | २४३ | २६० | ५०३ |
| कूल | १३३१ | १२३४ | २५६५ | ११९० | ११२९ | २३१९ | ९७३ | ८९४ | १८६७ |

(स्रोत : स्थलगत अध्ययन,२०६६)

प्रस्तुत तालिकामा अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुको जम्मा विद्यार्थी संख्याको जातिगत विभाजन गरी कूल विद्यार्थी मध्ये दलित विद्यार्थीको सहभागिताको संख्या दिइएको छ । जस अनुसार छात्र तर्फ कूल १३३१ विद्यार्थी मध्ये दलित छात्रको संख्या १६६ रहेको र ती मध्ये १४६  अन्तिम परीक्षामा सहभागि भई ११२ जना मात्र विद्यार्थी उत्तीर्ण भएको पाइन्छ । त्यसैगरी छात्रातर्फ कूल १२३४ विद्यार्थी मध्ये १५६ जना दलित छात्रा रहेको र उनीहरुमध्ये १४१ जना अन्तिम परीक्षामा सहभागी भई १०४ जना मात्र उत्तीर्ण भएको पाइन्छ । जम्मा विद्यार्थी संख्यालाई हेर्दा कूल २५६५ विद्यार्थी मध्ये ३२२ जना दलित विद्यार्थी रहेको , कूल विद्यार्थी २३७९ जना अन्तिम परीक्षामा सहभागि भएकोमा दलित १४१ जना र अन्तिम परीक्षा उत्तीर्ण १८६७ मध्ये २१६ जना मात्र दलित विद्यार्थी रहेको पाइन्छ । यसको स्तम्भचित्रा निम्नानुसार प्रस्तुतीकरण गरिएको छ  :

## स्तम्भ चित्र १२


## छनौट गरिएका विद्यालयको जातिगत विद्यार्थी संख्याको तुलनात्मक



प्रस्तुत स्तम्भ चित्रले कूल विद्यार्थी संख्या मध्ये जनजाति विद्यार्थीको संख्या सर्वाधिक, त्यसपछि अन्य जाति र दलित विद्यार्थीको शिक्षामा सहभागिता न्यून रहेको कुरा स्पष्ट पारेको छ । अन्तिम परीक्षामा सहभागित हुने र उत्तीर्ण हुने संख्यामा भने खासै ठूलो अन्तर रहेको देखिंदैन । जातिगत आधारमा विद्यार्थी संख्याको विवरणलाई तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**वृत्त चित्र १**

**छनौट गरिएका विद्यालयको जातिगत विद्यार्थी संख्याको तुलना**




(स्रोत : स्थलगतअध्ययन, २०६६)

माथिको वृत्त चित्रले अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुको कूल विद्यार्थी संख्या २५६५ मध्ये ६० प्रतिशत जनजाति , २७ प्रंतिशत अन्य जातजाति र कूल विद्यार्थी संख्याको १३ प्रतिशत मात्र दलित छात्रछात्रा रहेको कुरा स्पष्ट पारेको छ ।

## ४.१.५ विद्यालयगत दालित विद्यार्थी संख्या र अन्तिम परीक्षामा सम्मिलित विद्यार्थीको तुलनात्मक अवस्था

अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुको समग्र विद्यार्थी सहभागिताको अध्ययन पश्चात दलित विद्यार्थी मात्रको सहभागिताको विश्लेषण गरिनु सान्दिर्भिक भएकोले यस खण्डमा विद्यालयगत रुपमा दलित विद्यार्थी भर्नाको स्थिति र भर्ना भएका विद्यार्थीको अन्तिम परीक्षासम्मको निरन्तरता अध्ययन गरी बीचैमा विद्यालय छाड्ने दलित विद्यार्थीको संख्या निकालिएको छ । यसबाट दलित विद्यार्थीहरुको कक्षा छाड्ने संख्या विश्लेषणमा विशेष सहयोग पुग्दछ । यस  विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका १४

## अन्तिम परीक्षामा सम्मिलित नभई विचैमा विद्यालय छाड्ने दलित विद्यार्थी

| विद्यालय | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा सम्मिलित | | | विचैमा विद्यालय छाड्ने (Drop Outs) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| श्री मच्छिन्द्र उ.मा.वि. | ३१ | ३४ | ६५ | २६ | ३० | ५६ | ५ | ४ | ९ |
| श्री जगदम्वी प्रा.वि. | ६ | ५ | ११ | ४ | ५ | ९ | २ | ० | २ |
| श्री लक्ष्मी मा.वि. | २२ | १७ | ३९ | १९ | १४ | ३३ | ३ | ३ | ६ |
| श्री आमजुँगी प्र.नि.मा.वि. | ८ | १९ | २७ | ८ | १६ | २४ | ० | ३ | ३ |
| श्री प्रा. वि. | ८ | ७ | १५ | ७ | ६ | १३ | १ | १ | २ |
| श्री मुगु प्रा.वि. | २२ | २१ | ४३ | १६ | २० | ३६ | ६ | १ | ७ |
| श्री सवित्री मा.वि. | २० | १८ | ३८ | २० | १८ | ३८ | ० | ० | ० |
| श्री कल्याणकारी मा.वि. | १५ | ९ | २४ | १५ | ९ | २४ | ० | ० | ० |
| श्री जन्मभूमि प्रा. वि. | २७ | १९ | ४६ | २४ | १६ | ४९ | ३ | ३ | ६ |
| श्री जनजागरण प्रा.वि. | ७ | ७ | १४ | ७ | ७ | १४ | ० | ० | ० |
| **जम्मा** | १६६ | १५६ | ३२२ | १४६ | १४१ | २८७ | २० | १५ | ३५ |

(स्रोत : स्थलगत अध्ययन,२०६६)

उल्लेखित तालिका अनुसार अध्ययनकालागि छनौट गरिएका विद्यालयहरुमा रहेका छात्र १६६ र छात्रा १५६ गरी जम्मा ३२२ दलित विद्यार्थी मध्ये छात्र १४६ र छात्रा १४१ गरी २८७ जना मात्र अन्तिम परीक्षामा सामेल भएको र बाँकी २० छात्र र १५ छात्रा गरी ३५ जनाले शैक्षिक वर्ष पुरा हुनु अगावै विद्यालय छाडेको पाइन्छ ।

## ४.२. कक्षा छाड्ने विद्यार्थीको अवस्था

कक्षा छाड्ने विद्यार्थीको अवस्थाको बारेमा अन्तिम परीक्षामा सम्मिलित र उत्तीर्ण दलित विद्यार्थीको तुलना र बिचैमा कक्षा छाड्नुका कारणहरु प्रस्तुत गरिएको छ ।

### ४.२.१ अन्तिम परीक्षामा सम्मिलित र उत्तीर्ण दलित विद्यार्थीको तुलना

दलित विद्यार्थीहरुको अन्तिम परीक्षामा सहभागिताको अध्ययन पश्चात उनीहरुको उत्तीर्णदर को विशलेषण गर्नुपनि कम महत्वपूर्ण छैन । त्यसैले अन्तिम परीक्षामा सहभागि भएका

विद्यार्थीहरु मध्ये कक्षा उत्तीर्ण गर्ने विद्यार्थीको संख्यालाई विद्यालयगत तथ्याङ्कको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका १५**

**जम्मा दलित विद्यार्थी मध्ये अन्तिम परीक्षामा सम्मिलित विद्यार्थीको संख्या**

| विद्यालय | अन्तिम परीक्षामा सम्मिलित | | | अन्तिम परीक्षामा उत्तीर्ण | | | अन्तिम परीक्षामा अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| श्री मच्छिन्द्र उ.मा.वि. | २६ | ३० | ५६ | २१ | २४ | ४५ | ५ | ६ | ११ |
| श्री जगदम्वी प्रा.वि. | ४ | ५ | ९ | ३ | ३ | ६ | १ | २ | ३ |
| श्री लक्ष्मी मा.वि. | १९ | १४ | ३३ | १६ | १३ | २९ | ३ | १ | ४ |
| श्री आमजुँगी प्र.नि.मा.वि. | ८ | १६ | २४ | ६ | ११ | १७ | २ | ५ | ७ |
| श्री प्रा. वि. | ७ | ६ | १३ | ५ | ५ | १० | २ | १ | ३ |
| श्री मुगु प्रा.वि. | १६ | २० | ३६ | १४ | १३ | २७ | २ | ७ | ९ |
| श्री सवित्री मा.वि. | २० | १८ | ३८ | १२ | ११ | २३ | ८ | ७ | १५ |
| श्री कल्याणकारी मा.वि. | १५ | ९ | २४ | १५ | ९ | २४ | ० | ० | ० |
| श्री जन्मभूमि प्रा. वि. | २४ | १६ | ४९ | १९ | १३ | ३२ | ५ | ३ | ८ |
| श्री जनजागरण प्रा.वि. | ७ | ७ | १४ | १ | २ | ३ | ६ | ५ | ११ |
| **जम्मा** | १४६ | १४१ | २८७ | ११२ | १०४ | २१६ | ३४ | ३७ | ७१ |

(स्रोत : स्थलगत अध्ययन,२०६६)

माथिको तालिकामा छनौट गरिएका १० विद्यालयहरुमा छात्र १४६ र छात्रा १४१ गरी जम्मा २८७ जना दालित विद्यार्थीले अन्तिम परीक्षामा सहभागिता जनाएको , छात्र ११२ र छात्रा १०४ गरी २१६ जना मात्र अन्तिम परीक्षामा उत्तर्णि भएको र छात्र ३४ र छात्रा ३७ गरी जम्मा ७१ जना विद्यार्थी उत्तीर्ण भएको पाइएको छ । यस तथ्याङ्कलाई परीक्षामा सहभागि प्रतिशत , उत्तीर्ण प्रतिशत र अनुत्तीर्ण प्रतिशतको रुपमा तलको तालिकाले थप स्पष्ट पारेको छ ।

तालिका १६

दलित, जनजाति र अन्य विद्यार्थीको उत्तीर्ण र अनुत्तीर्ण प्रतिशत

| विद्यार्थी | अन्तिम परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | अनुत्तीर्ण | प्रतिशत |
|---|---|---|---|---|---|
| दलित | २८७ | २१६ | ७५.३० | ७१ | २४.७० |
| जनजाति | १४१९ | ११५८ | ८१.६० | २६१ | १८.४० |
| अन्य | ६१३ | ५०३ | ८२.०६ | ११० | १७.९४ |
| जम्मा | २३१९ | १८६७ | ८०.५० | ४५२ | १९.५० |

(स्रोत : स्थलगत अध्ययन,२०६६)

तालिका अनुसार दलित विद्यार्थीको उत्तीर्ण प्रतिशत ७५.३० र अनुत्तीर्ण प्रतिशत २४.७० रहेको , जनजाति विद्यार्थीको उत्तीर्ण प्रतिशत ८१.६०, अनुत्तीर्ण प्रतिशत १८.४० र अन्य जातिका विद्यार्थीको उत्तीर्ण प्रतिशत ८२.०६ र अनुत्तीर्ण प्रतिशत १७.९४ रहेको पाइन्छ । समग्र अवस्था हेर्दा विद्यार्थी उत्तीर्ण प्रतिशत ८०.५० र अनुत्तीर्ण प्रतिशत १९.५० रहेको पाइन्छ ।

## ४.२.२ बीचैमा कक्षा छाड्नुका कारणहरु

दलित बालबालिकाहरुले बिचैमा विद्यालय छाड्नुका कारणहरु यस प्रकार छ :

घरायसी कामकाज, सामाजिक अवस्था, पुनः विद्यालय फर्काउनका लागि हालसम्म कुनै प्रयास नभएको, दलित बालबालिकाका अभिभावकहरुमा शैक्षिक चेतना अत्यन्त कमजोर भएको विद्यालय व्यवस्थापन समितिले पनि कुनै प्रयास नगरेको, सरकारको तर्फबाट पनि त्यस्ता विद्यार्थीहरुलाई विद्यालय फर्काउन कुनै योजना नगरेको, भएको योजना पनि विद्यालय स्तरमा कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको, विद्यालय तथा समाजका जिम्मेवार व्यक्तिहरुले सरकारको टाउकोमा दोष थुपारेर आफ्नो दायित्वबाट पन्छिन खोजेको, विद्यालयमा बालमैत्री कक्षा सञ्चालन नभएको, शिक्षक र समुदाय बिच सम्बन्ध कायम गर्न नियमित कार्यक्रम नभएको, अभिभावकमा चेतनामूलक सन्देश नदिईएको, प्रत्यक्ष भेटघाटको माध्यमबाट दलित तथा पिछडिएका बालबालिकाका लागि सुबिधाको सम्बन्धमा पर्याप्त जानकारी नदिईएको आदि कारणहरु प्रमुख रुपमा रहेका छन् ।

## ४.३ कक्षा छाड्ने समस्या समाधानका उपायहरु

प्रस्तुत शोध अध्ययनका क्रममा विद्यालयहरुको वस्तुस्थिति अध्ययन गरिसकेपश्चात बीचैमा कक्षा छाडेका दलित विद्यार्थीहरुको पहिचान गरी उक्त विद्यार्थीहरुले कक्षा छाड्ने समस्या समाधानको उपायहरु मुख्य रुपमा यस प्रकार छन् :

दलित अभिभावकहरुलाई शिक्षा प्रतिको चेतना अभिवृद्धि गर्ने, भौतिक सुविधा शिक्षण क्षमता, उत्तरदायित्व अभिवृद्धि गर्ने, विभेदरहित वातावरण तयार पार्ने, विद्यालयमा बाल मैत्री शिक्षण अवलम्बन गर्ने, जातिय, लैङ्गीक विभेदको अन्त्य गर्ने, दलितहरुलाई दिईएको सुविधा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, सरकारी स्तरबाट दलित तथा पिछडिएका बालबालिकाहरुका लागि विशेष योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विद्यालयमा सम्बन्धित व्यक्तिहरुले आफ्नो दायित्व ईमान्दारीपूर्वक निर्वाह गर्ने लगायतका प्रमुख उपायहरुलाई अवलम्बन गर्नु पर्ने देखिन्छ ।

### ४.३.१ विद्यार्थीहरुसँग सोधिएका प्रश्नावलीबाट प्राप्त जवाफको विश्लेषण

बीचैमा कक्षा छाडी घरमा बसेका विभिन्न विद्यालयका गरी जम्मा १० जना दलित छात्रछात्रासँग सोधिएका प्रश्नमा उनीहरुले दिएको प्रतिक्रिया अनुसूची ६ अनुसार यस प्रकार रहेको पाइएको छ ।

उक्त अनुसूचीमा दिइएको विवरण अनुसार पढाइमा एकदमै रुची राख्ने विद्यालय छाडेको दलित विद्यार्थीको संख्या १० मध्ये २ रहेको छ । त्यसैगरी सामान्य रुची लाग्ने ५ , पढाइमा खासै रुची नलाग्ने २ र रुची नै नलाग्नेको संख्या १ रहेको छ । विद्यालय छाड्नुको कारण सोध्दा शुल्क तिर्न नसकेर भन्नेको संख्या नरहेको , विद्यालय टाढा भएर भन्नेमा ३ , पढाएको नबुझेर भन्ने २ र फेल भएर भन्नेको संख्या सर्वाधिक ५ रहेको छ । पढ्ने अवसर पुनः पाएमा पढ्नेको संख्या ३ , नपढ्नेको संख्या ५ , थाहा छैन भन्नेको संख्या १ र प्रतिक्रिया विहीनको संख्या १ रहेको छ । पढाइए नछाड्ने सल्लाह पाए नपाएको सम्बन्धमा सोध्दा १० मध्ये ४ ले पाएको , ३ ले नपाएको , २ लाई थाहा नभएको र १ ले प्रतिक्रिया नदिएको पाइयो । पढाइ छाड्दा अभिभावकलाई राम्रो लागेको भन्नेको संख्या नरहेको , ठीकै लागेको छ भन्नेको संख्या ३ , नराम्रो लागेको छ भन्नेको संख्या ५ र प्रतिक्रिया विहिनको

संख्या २ रहेको छ । त्यस्तै आफ्ना अभिभावकले आफूले घरको काम सघाओस भन्ने चाहन्छन् भन्नेको संख्या १० मध्ये अधिकतम् ४ रहेको छ । विद्यालय छाडेकोमा राम्रो गरेँ भन्नेको संख्या नरहेको, ठीकै गरेँ भन्ने ३, त्यति राम्रो गरिन भन्ने ४, पटक्कै राम्रो गरिन भन्ने ३ रहेका छन् । अन्त्यमा विद्यालय छाड्नुमा आफ्नै बढी हात रहेको ठान्ने बालबालिका ४, अभिभावकलाई दोषि ठान्ने ३, शिक्षकहरुलाई दोषी ठान्ने २ र कोहीपनि छैन भन्ने १ रहेका छन् ।

## ४.३.२ अभिभावकसँग सोधिएका प्रश्नावलीबाट प्राप्त जवाफको विश्लेषण

बीचैमा कक्षा छाडी घरमा बसेका विभिन्न विद्यालयका दलित छात्रछात्राका १० जना अभिभावकसँग सोधिएका प्रश्नमा उनीहरुले दिएको प्रतिक्रिया अनुसूची ७ मा उल्लेख गरिएको छ ।

अनुसूची ७ अनुसार दलित विद्यार्थीहरुका अभिभावकहमा शिक्षाप्रतिको अवधारणा सर्वेक्षण गर्ने उद्देश्यले तयार पारिएको प्रश्नावलीबाट प्राप्त जवाफको संख्यात्मक विश्लेषण गर्दा शिक्षाले मानिसलाई असल बनाउँछ भन्ने कुरामा पूर्ण सहमत हुने अभिभावकको संख्या ३ , सहमत हुनेको ४ , अनिश्चित अर्थात थाहा नहुनेको संख्या २ र असहमत हुनेको संख्या १ रहेको छ । प्राथमिक शिक्षाले सामान्य जीवनयापन गर्न मदत गर्दछ भन्ने कुरामा पूर्ण सहमत हुनेको संख्या ३ , सहमत हुनेको संख्या ३ , अनिश्चित भन्नेको संख्या ३ र असहमत हुनेको संख्या १ रहेको छ । त्यसैगरी आफ्ना नानीहरु विद्यालयको क्रियाकलापबाट सन्तुष्ट छन् भन्ने वाक्यमा पूर्ण सहमत हुनेको संख्या १ , सहमत हुनेको संख्या २ , अनिश्चित हुनेको संख्या ५ र असहमत हुनेको संख्या १ रहेको पाइन्छ । बच्चालाई पढाउनु भन्दा काममा लगाउनु बढी फाइदा हुन्छ भन्ने विकल्पमा पूर्ण सहमत हुनेको संख्या १ , सहमत हुनेको संख्या १ , अनिश्चित हुनेको संख्या ५ र असहमत हुनेको संख्या ३ रहेको पाइन्छ । बालबालिकालाई पढाइमा रुची राख्दाराख्दै पनि विद्यालय पठाउन गाऱ्हो हुन्छ भन्ने वाक्यमा पूर्ण सहमत हुनेको संख्या २ , सहमत हुनेको संख्या २ , अनिश्चित हुनेको संख्या ४ र असहमत हुनेको संख्या २ रहेको छ । बालबालिकाले बीचैमा विद्यालय छाड्दा परिवारमा खासै असर पर्दैन भन्ने वाक्यमा पूर्ण सहमत हुनेको संख्या २ , सहमत हुनेको संख्या ३ , अनिश्चित हुनेको संख्या ४ र असहमत हुनेको संख्या १ रहेको पाइन्छ । र अन्त्यमा

सबैदलितहरु पढाइमा पछि परेको कुरामा पूर्ण सहमाति जनाउने १ जना , सहमति जनाउने २ जना , अनिश्चित भन्ने ६ जना र असहमत हुने १ जना अभिभावक रहेका छन् ।

### ४.३.३ विद्यालयका शिक्षक, प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीलाई सोधिएका प्रश्नावलीबाट प्राप्त जवाफको विश्लेषण

अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुका शिक्षक, प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विद्यालयका क्रियाकलाप मार्फत विद्यार्थी आकर्षण गर्ने र बीचैमा कक्षा छाड्ने कुरालाई निरुत्साहित गर्ने कुरामा महत्वपूर्ण भूमिका रहने भएकोले अध्ययनका क्रममा प्रश्नावली मार्फत उनीहरुको प्रतिक्रिया लिने प्रयास गरिएको छ । जम्मा १० विद्यालयका शिक्षक , प्र.अ. र वि.व्य.स.पदाधिकारी गरी जम्मा १० जनाले प्रश्नावलीमा दिएको प्रतिक्रियालाई अनुसूची ८ को तालिका अनुसार विश्लेषण गरिएको छ ।

उल्लेखित अनुसूची ८ मा शिक्षक, प्र.अ तथा वि.व्य.स. पदाधिकारीबाट प्राप्त जवाफको अवस्था लाई सरसरती हेर्दा समुदायको जातिगत संरचनाको आधारमा विद्यालयमा दलित विद्यार्थीको उपस्थितिलाई धेरै राम्रो मान्नेको संख्या १, राम्रो मान्नेको संख्या ३, सन्तोषजनक मान्नेको संख्या ४ र निराशाजनक मान्नेको संख्या २ रहेको छ । दलित विद्यार्थीले बीचैमा कक्षा छाड्ने प्रवृत्तिलाई विगतको तुलनामा कुन रुपमा हेर्नुहुन्छ भनि प्रश्न गर्दा सुधारोन्मुख मान्नेको संख्या २, उस्तै भन्नेको संख्या २, केही मात्रामा विग्रिएको भन्ने ४ र निकै विग्रिएको भन्नेको संख्या २ रहेको छ । कक्षा शिक्षणका सन्दर्भमा प्रश्न गर्दा सबै दलित विद्यार्थीहरु कक्षामा उत्सुक हुन्छन् भन्ने धारणा राख्नेको संख्या १, धेरैजसो हुन्छन् भन्नेको संख्या ४, केहीमात्र हुन्छन् भन्ने ५ र कोही पनि हुँदैनन् भन्नेको संख्या शुन्य छ । कक्षोन्नती गर्दा दलित र पिछडिएका वर्गलाई विशेष ध्यान पुऱ्याउनु पर्दछ भन्ने कुरामा पूर्ण सहमत हुनेको संख्या २, सहमत हुनेको संख्या २, अनिश्चित बताउनेको संख्या २, असहमत हुनेको संख्या ४ रहेको छ । सरकारले दलित तथा पिछडिएका वर्गका लागि शिक्षामा प्रदान गरेका सुविधाहरुको विद्यालयस्तरमा कार्यन्वयनको अवस्था कस्तो रहेको छ भन्ने प्रश्नमा अत्यन्तै सकारात्मक भन्नेको संख्या १ मात्र, सन्तोषजनक मान्नेको संख्या ४, सो विषयमा अनिश्चित हुनेको संख्या १ र निराशाजनक मान्नेको संख्या ४ रहेको पाइयो । त्यसैगरी दलित बालबालिकाले विद्यालय छाड्नुमा सबैभन्दा बढी को जिम्मेवार रहन्छ भन्ने प्रश्नको जवाफमा समाज भन्नेको संख्या १, विद्यालय परिवार भन्नेको संख्या ३, अभिभावक भन्नेको संख्या २ र सरकारी निकाय जिम्मेवार हुनुपर्ने विचार राख्नेको संख्या ४ रहेको छ ।

# परिच्छेद - पाँच

# प्राप्ती, निष्कर्ष तथा सुझावहरु

अनुसन्धानको प्रारम्भदेखि अन्त्यसम्म विभिन्न विधिहरुको प्रयोग गरी प्राथमिक तहमा अध्ययनरत दलित छात्रछात्राहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरुको पहिचानका निम्ति अध्ययनको क्षेत्रका विद्यालयहरुको शैक्षिक तथ्याङ्कको विश्लेषण एवं व्याख्या गरिएको छ । तथ्याङ्कको विश्लेषण एवं व्याख्या पश्चात दलित विद्यार्थीहरुको कक्षा छाड्ने अवस्था र संख्या पत्ता लगाउन सजिलो भएको थियो । दलित विद्यार्थीहरुको कक्षा छाड्ने संख्या पत्ता लगाइसके पछि सम्बन्धित विद्यार्थी , अभिभावकवर्ग , विद्यालय प्रशासन र व्यवस्थापनका जिम्मेवार व्यक्तिहरु र सम्बन्धित निकायसँग समेत प्रश्नावलीको आधारमा जानकारी लिने कार्य गरी सो को विश्लेषण गरिएको छ । यस अध्ययनका प्राप्ति, निष्कर्ष तथा सुझावहरुलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्तीहरु (Findings)

अध्ययनको क्रममा संकलन गरिएका तथ्याङ्को विश्लेषणको आधारमा अध्ययनका प्राप्तीहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

(क) विद्यालयहरुमा दलित विद्यार्थीहरुको उपस्थिति जनजाति र अन्य जातिका विद्यार्थीहरुको तुलना कम रहेको छ ।

(ख) पहाडी क्षेत्रका विद्यालयहरुमा दलितहरुको बसोबास रहेता पनि प्राथमिक विद्यालयमा दलित बालबालिकाको उपस्थिति शुन्य समेत रहेको कुरा तथ्याङ्कमा देखिएको छ ।

(ग) जातिगत अवस्था विश्लेषण गर्ने क्रममा दलितको मात्र नभई अन्य दलित र जनजातिको बाहेक अन्य जातिको समेत सहभागिता शुन्य रहेका प्राथमिक विद्यालय रहेको पाइएको छ ।

(घ) दुर्गम क्षेत्रको तुलनामा सुगम क्षेत्रका विद्यालयहरुमा दलित बालबालिकको संख्या अधिक रहेको पाइएको छ ।

(ङ) माध्यमिक तह र उच्च माध्यमिक तहसम्म सञ्चालन भएका विद्यालयहरुमा प्राथमिक तहको तुलनामा जातिगत आधारमा विद्यार्थीको सहभागिता बढी रहेको पाइयो ।

(च) प्राथमिक तहमा भर्ना भएका सबै विद्यार्थीहरु अन्तिम परीक्षामा सहभागी नभएको र सहभागि भएकाको पनि उत्तीर्ण दर अत्यन्त न्यून रहेको पाइयो ।

(छ) प्राथमिक तहमा दलित विद्यार्थीको अन्तिम परीक्षाम सहभागि हुने र अन्तिम परीक्षामा उत्तीर्ण हुने संख्या विश्लेषणबाट उक्त संख्या जनजाति र अन्य जातिका विद्यार्थीको तुलनामा कम रहेको पाइयो ।

(ज) दलित , जनजाति र अन्य जातिको अन्तिम परीक्षामा सहभागी नभई विद्यालय छाड्ने दरको तुलनात्मक विष्लेषणबाट बीचैमा विद्यालय दरमा दलित बालबालिका अन्य जाति पछि दोस्रो स्थानमा रहको तर समग्र अवस्था विश्लेषणबाट औसत दरभन्दा दलितको दर बढी रहेको पाइयो ।

(झ प्राथमिक तहमा विद्यार्थी सहभागिताको समग्र अवस्था हेर्दा जनजाति पहिलो स्थानमा , अन्य जातजातिका बालबालिका दोस्रो स्थानमा र दलित बालबालिकाको संख्या सबैभन्दा कम (१३%मात्र) रहेको पाइयो ।

(ञ) उल्लेख्य संख्यामा दलित विद्यार्थीहरु अन्तिम परीक्षामा सहभागी नभइ नै विद्यालय छाड्ने गरेको पाइयो ।

(ट) अन्तिम परीक्षामा सम्मिलित दलित बालबालिको उत्तीर्णए दर खासै सन्तोषजनक रहेको पाइएन ।

(ठ) विद्यार्थी उत्तीर्ण प्रतिशतको तुलनात्मक अवस्था विश्लेषण गर्दा दलित बालबालिकाको उत्तीर्ण दर सबैभन्दा कम रहेको पाइयो ।

(ड) विद्यार्थी अनुत्तीर्ण प्रतिशतको तुलनात्मक अवस्था विश्लेषण गर्दा दलित विद्यार्थीको अनुत्तीर्ण प्रतिशत अन्यको तुलनामा बढी रहेको पाइयो ।

(ढ) विद्यालय छाडेका दलित बालबालिकाको पढाइप्रतिको धारणा विश्लेषण गर्दा पढाइमा रुचि राख्ने बालबालिकाको संख्या अन्य भन्दा बढी रहेको पाइयो ।

(ण) बालबालिकाले विद्यालय छाड्नुको कारण सोध्दा अनुत्तीर्ण भएर सर्वाधक र पढाएको नबुझेर भन्नेको संख्या सबैभन्दा कम रहेको पाइयो ।

(त) पढाइ छाडेका बालबालिकामा विद्यालय जाने रुचि ज्यादै कम रहेको पाइयो ।

(थ) बालबालिकाहरुले पढाइ छाड्नुमा सबैभन्दा बढी आफैंलाई दोषी ठान्ने गरेको पाइयो ।

(द) दलित बालबालिकाका अभिभावकहरु शिक्षाप्रति सकारात्मक रहँदा रहँदै पनि आर्थिक र घरायसी व्यवहारका कारण आफ्ना नानीहरुले पढाइ छाडेको प्रति खासै उदासिन रहेको पाइएन ।

(ध) अभिभावकलाई बालबालिकाले बीचैमा विद्यालय छाड्दा पर्ने असरका सम्बन्धमा उनीहरुको राय लिँदा धेरैजसो अभिभावक अनभिज्ञ रहेको पाइयो ।

(द) विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको राय लिँदा दलित विद्यार्थी सहभागितालाई धेरैजसोले सन्तोषजनक रुपमा लिने गरेको पाइयो ।

(ध) दलित बालबालिकको पढाइप्रतिको रुचि सम्बन्धमा उनीहरुको धारणा लिँदा कक्षामा उपस्थित मध्ये केही बालबालिका मात्र पढाइमा ध्यान दिन्छन् भन्नेको संख्या बढी रहेको पाइयो ।

(न) कक्षोन्नतीमा दलित बालबालिकालाई बिशेष ध्यान दिई प्रात्साहन गर्नुपर्ने कुरामा असहमत हुनेको संख्या उल्लेख्य रहेको छ ।

(प) दलित बालबालिकाहरुको पढाइको सुनिश्चिततताको लागि सरकारले ल्याएका कार्यक्रमहरुको विद्यालयस्तरमा कार्यान्वयनको अवस्था निराशाजनक रहेको भन्नेको भन्ने विचार व्यक्त गर्नेको संख्या बढी पाइयो ।

(फ) दलित बालबालिकाहरुले कक्षा छाड्नुको पछाडि सरकारी निकाय सबैभन्दा बढी जिम्मेवार रहेको ठान्नेको संख्या सबैभन्दा बढी रहेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्रमा दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता, शैक्षिक समस्याको पहिचान , उनीहरुले कक्षा छाड्ने समस्याको कारणहरुको पहिचान र उक्त समस्याको निराकरणका लागि आवश्यक सुझावहरु पेश गर्ने उद्देश्य अनुरुप अध्ययन कार्य गरिएको छ । यस अध्ययनबाट धेरैजसो विद्यालयका प्राथमिक तहमा दलित बालबालिकाको उल्लेख्य उपस्थिति रहेको , दलित बालबालिकाको शिक्षामा पहुँचका लागि विभिन्न प्रयासहरु हुने गरेका तर तीनको प्रभावकारिता आशातीत रुपमा देखा नसकिरहेको, प्राथमिक विद्यालयमा दलित बालबालिकाहरुलाई आकर्षण गर्ने खालको कुनै खास कार्यक्रम नरहेको र दलित तथा पिछडिएका जातिहरुको शिक्षामा सहभागिता र निरन्तरताको प्रत्साहनका लागि कुनै ठोस कार्यक्रम नरहेकोले बीचैमा विद्यालय छाड्ने प्रवृत्ती बढ्दो क्रममा रहेको अवस्था अवगत भएको छ । दलित बालबालिकाहरुले विद्यालय छाड्नुको प्रमुख कारण भनेको उनीहरुको घरायसी र सामाजिक अवस्था हो । तथापि विद्यालय छाडेर घरैमा बसेका बालबालिकालाई पुनः विद्यालय फर्काउनका लागि हालसम्म कुनै प्रयास भएको छैन । धेरै जसो दलित बालबालिकाका अभिभावकहरु शैक्षिक चेतनाको स्तरमा अत्यन्तै कमजोर देखिन्छन् । यस अवस्थामा दलित बालबालिकाहरुले बीचैमा विद्यालय छाड्ने कुरालाई विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी सम्हालेका व्यक्तिहरुले खासै महत्वपूर्ण विषयको रुपमा नलिएको अवस्था देखिएको छ । अझ उल्लेखनीय कुरा के छ भने सरकारको तर्फबाट विद्यालयमा दलित तथा पिछडिएका बालबालिकाका लागि गरिएका योजना तथा कार्यक्रमको विद्यालय स्तरमा कार्यन्वयनको अवस्था सन्तोषजनक नभएकाले समस्या थप जटिल बन्दै गएको अवस्था अध्ययनबाट देखिएको छ । यस सन्दर्भमा विद्यालय तथा समाजका जिम्मेवार व्यक्तिहरुले सरकारको टाउकोमा दोष थुपारेर आफ्नो दायित्वबाट पन्छिन खोजेकाले पनि दलित बालबालिकाको शैक्षिक अवस्थामा महत्वपूर्ण परिवर्तन आउन नसकेको हो ।

## ५.३ सुझावहरु

यस अध्ययनबाट प्राप्त तथ्यहरुको आधारमा दलित बालबालिकाहरुले विद्यालय छाड्ने दर र यसबाट विद्यालयको शैक्षिक अवस्थामा पर्ने नकारात्मक प्रभावलाई कम गर्न निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

क) सबै बालबालिकाको मनोवृतीमा परिवर्तन तथा सिकाइमा अत्याधिक अभिरुचि गराउन जोड दिने ।

ख) विद्यार्थी, शिक्षक, समुदायको संयुक्त सहभागिता बढाउन प्राथमिकता दिने ।

ग) विद्यालय विकास र समुदाय विकासमा दुवैको समान सहभागिता गराउने वातावरण तयार गर्ने ।

घ) विद्यालय स्तर निर्धारणका आधारहरु भौतिक सुविधा, शिक्षक दक्षता, उत्तर- दायित्व र पारदर्शिता, विद्यालय सञ्चालन प्रक्रिया, सिकाइ उपलब्धि र अन्य उलब्धिको अध्यवधिक गर्दै जाने ।

ङ) बालबालिकाहरुमा विभेद रहित वातावरण तयार गर्न आवश्यक व्यवस्था मिलाउने ।

च) विद्यालयको शिक्षण कार्य बालमैत्री कक्षा बनाउने ।

छ) शिक्षक र समुदायवीच सम्बन्ध कायम गर्न नियमित कार्यक्रम निर्धारण गर्ने ।

ज) विद्यालय सुधारमा खासगरी लैंगिक विभेद, विद्यार्थी सहयोग कार्यक्रम सरोकार पक्षको क्षमता वृद्धि स्थानीयस्रोत साधनको परिचालन र समुदाय परिचालनमा जोड दिने ।

झ) अभिभावकमा चेतनामूलक सन्देस फैलाउने कार्यक्रहरुलाई तिव्रता दिइनु पर्ने । प्रत्यक्ष भेटघाटको माध्यमबाट दलित तथा पिछडिएका बालबालिकाका लागि प्राप्त हुने सुविधाहरुको सम्बन्धमा उनीहरुलाई स्पष्ट गराउने ।

ञ) बिद्यालय बीचैमा छाडेर बसेका बालबालिकालाई विद्यालयमा फर्काउनका लागि ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

ट) दलित बालबालिकाको शैक्षिक पहुँच एवं सहभागिता वृद्धिका लागि सरकारको तर्फबाट ल्याइने कार्यक्रमहरुको कार्यान्वयको प्रभावकारिताको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनु पर्ने ।